१९

१९२

श्रीमद्भागवतको

# अवतरणिका कुञ्ज

## पहिलो भाग

पहिलो दिनको मात्र पाठ
अर्थात

...ध १ अध्याय देखि तृतीयस्कन्ध १९ अध्याय सम्म
संवत २०१० कार्तिक कृ. पञ्चमी

प्रकाशक--
कोमलप्रसाद

पाइनेस्थान कीर्तनभवन पुराणस्थान

नेपाल ।

मूल्य ।२५
प्रथमवार १०००

कविप्रसाद गौतम

E. P. 920
३६१५

श्री कृष्ण बलदेवाय नमः

# श्री मद्भागवतको नेपाली

# अवतारीका कुञ्ज

## प्रथमस्कन्ध

### प्रथम अध्याय

पहिले ग्रन्थकर्ताले 'कपटदेखि पर रहेको परमेश्वरलाई नमस्कार गर्नुको साथ यो भागवत इर्षा रहित व्यक्तिले जानिने र तत्कालैमा फलास्वादन गराउने शक्तिले युक्त छ, त्यसकारण पृथ्वीमा भावुकहरूले मोक्ष पर्यन्त सेवन गर्नै पर्दछ' यस्तो भाव-पूर्ण मङ्गलाचरण गरी हवनको अवसानमा उपस्थित भएका सूत प्रति नैमिषारण्य निवासी शौनकहरूले मन्द भागी कलियुगी मानवको उद्धारका लागी समस्त शास्त्र एवं साधनको सार खिचेर जसको नाम घोर सृष्टिका जीवले विवश लिंदैमा मुक्त हुन्छन्, ती कृष्णको अवतार हुनाको प्रयोजन एवं वहाँ आफ्नो धाम गएपछि धर्म कसको शरण गए भन्ने इत्यादि प्रश्न गरे भन्ने यस अध्यायमा विस्तार गरिन्छ।

## दोश्रो अध्याय

सूतजी आफ्ना गुरुको,माता, मूर्ति देवी सहित नरनारायणको, सरस्वती नदी एवं किनारामा रहेका व्यासको नमस्कार गरेर आत्म प्रसन्नताको निति परम धर्मरूप निर्गुण वासुदेवको भक्ति, वखान गर्दैछन्— यदि हरिकीर्तनमा स्नेह लागेन भने गरेका धर्महरू व्यर्थ छन्। इन्द्रिय तृप्तिलाई र आत्म जिज्ञासा बाहेक अरू वेग्लालाई नभैकन जतिले जीवन रहन्छ उति मात्र भोग गरी गरेका आश्रम धर्मादि समस्त साधनको सफलता नै आनन्द प्राप्त हुनु हो। भक्तहरू त्यही गुणरहित आनन्दलाई भगवान् एवं योगीहरू परमात्मा ज्ञानीहरू ब्रह्म भन्दछन्। गुणमा बाँधिएको जीव आफ्नो स्वभाव मिल्ने देवताको भजन गर्दछ। नित्य भागवतको सेवाद्वारा कर्म ग्रन्थी छिनाली मनको मल धुन खोज्ने शान्त सुश्रुश्रुता रुद्रादिको निंदा नगरी भजन चाहिं अत्यन्त प्रसन्नता पूर्वक परमगति रूप प्रशान्त विष्णुकै गर्दछन्। यद्यपि अजन्मा हरि दाउरामा आगो झैं अन्तरयामी रूपले रहँनु भएको छ तथापि भक्तहरूलाई आनन्द प्रदान गर्नाको लागि बारंबार यहाँ माया विशिष्ट भै अवतरित हुनु हुन्छ शौनकजी! यो यहाँको हामी जीव प्रति अहैतुकी अनुग्रह हो, भनेर सूतले ऋषिहरूलाई उत्तर दिए भने यस अध्यायमा विस्तार गरिन्छ।

## तेस्रो अध्याय

जसका नाभि कमलबाट ब्रह्माजी उत्पन्न भए। जसका हजारौं हात पाउ शिर छन्, जसलाई ज्ञान दृष्टिले मात्र हेर्न सकिन्छ जो नै समस्त अवतारको निधान एवं बीज हो, त्यो साक्षात् स्वयं

परमात्मा कृष्ण चन्द्रबाट नै कार्य अनुरुपका अरु असंख्येय अवतारहरू धारा प्रवाह उत्पत्ति एवं लय भइरहन्छन् । हे शौनक ! ती कृष्णचन्द्रको समस्त लीला पर्दा भित्रको नटचर्यालाई बाहिरका दर्शकले नजाने झैं अहंकार एवं छल कपट रहितको निर्मल भक्ति विना कोही जान्न सक्दैन । व्यासले निर्मल पुराण बनाई चित्तबाट गुण हटेका पुत्रलाई पढाउनु भो शुकबाट परीक्षितले र मैले थोरै जानें । कृष्ण यो जगतबाट अस्ताए पछि अहिले भागवत् रुपी सूर्य उदाएको छ यसै प्रकाशको आधारले कलिका जनहरू आफनो मार्ग पत्ता लाउँनेछन् भनी सूतले शेष प्रश्नको उत्तर पनि दिए भन्ने यस० ।

## चारौं अध्याय

शौनक सोद्धछन्–" के हेतुले कुन युगमा यो संहिता बन्यो, फेरि अनन्य मति शुक संग परिक्षितको सम्बाद कसरी भो, एवं परोपकारी देहलाई राजाले किन छोडे ?" उत्तरमा सूतजी भन्दछन्, सूर्योदयको वेला भविष्यमा जन्मने अश्रद्धालु एवं मन्दमतिका हितको चेष्टा गर्ने व्यासले पहिले वेदको विभाग र पछाडि स्त्री शूद्रका लागि इतिहासको छलले वेदको अर्थ पनि प्रकाश गर्नुभयो तर वहाँ प्रलाप गर्दै भन्नुहुन्छ–"जीव कल्याणको निंति गुरु,अग्निको सेवामा कपट गरेको थिइनँ, तदपि प्रसन्नता किन आएन, हैन मैले अच्युतका प्यारा परम भागवतहरूको चरित्र जसलाई भागवत- धर्म भन्दछन् त्यसको खुला हृदयले बखान गरिन र हो कि"भनी आफूलाई अकृतार्थ संझने व्यास भए ठाउँ नारदजीको आगमन भो र पूजा हुन् लाग्यो भन्ने यस० ।

## पाचौं अध्याय

नारदजी मुसुक हाँसेर भन्नुहुन्छ–"तपाईंले धर्म अर्थकामादि तीन पदार्थलाई जत्तिको कसर नराखी बयान गर्नु भो त्यत्तिको तुरीय पद वासुदेवको महिमा गर्नु भएन । त्यसैकारण शान्ति आएन। हेर्नु होस् कत्तिनै अलङ्कार युक्त सुन्दर भाषण होस ता पनि त्यो काक रछान हो परम हंसहरू ता श्री अनन्तको यश अङ्कित भएको जगत पवित्र गर्न समर्थ नाम कीर्तन रुपी नदिमै अवगाहन गर्दछन्, यदि विश्वात्म भाव अर्थात् विष्णुको निर्गुण भक्ति छैन भने रस रहित नाम मात्रको ज्ञानले या काम्य कर्मले नै के लाभ छ ? तपाईंले स्वभावैले कर्मप्रिय भोगी भैकन वीज नास्न असमर्थ मूर्खहरूलाई धर्मादिको आदेश दिएर अर्थात् जीव जतातिर ढल्केको छ त्यै बाटोको सूचना गर्दै ठूलो अन्याय गर्नु भो। मानिसले ता तल माथि कहिं नपाइने कुराको निंति पो प्रयत्न गर्नु पर्दछ हेर्नुहोस् दुःखलाई कोही निंता गर्ला ? त्यस्ते सांसारिक सुख पनि त्यसै आई पर्दछ बोलाउनु पर्दैन। श्रुतिस्मृति जानेको यथार्थ मतलव यहाँ पुगेर सफल हुन्छ जब मानिस उत्तम-श्लोकको गुणानुवाद गर्न थालोस् । हेव्यासजी, संकीर्तनमा र परमेश्वरका भक्तको उच्छिष्ट प्रसादमा जीवन पल्टाई दिने कति समर्थ रहेछ त्यो सबै तपाईं मेरो अतीत जीवनीबाट थाहा पाउनु हुनेछ म थिएँ दाशीपुत्र, काम थियो भक्तहरूको सेवा गर्ने। जति म कृष्ण कीर्तन सुन्दै जान्दै जान्थें उति उति भगवद्विकाश हुँदै जान्थ्यो। रजतम हटेको श्रद्धालु स्नेही, भावज्ञाता, सेवक, विनयी जितेन्द्रिय वस्तो सत्पात्र देखेर मुनिहरूले मलाई गुह्यज्ञान दी जानुभो जस द्वारा मैले भगवत्तत्व सब जानेको हुँ ।

यो मैले तपाईंलाई तिन ताप निवारण गर्ने औषधी रूप भएको तिनै योगको रहस्यहरू बताएँ अर्थात् गरिने कर्महरू ब्रह्मरूप बनाई चैतन्यमा अर्पण गर्ने र ज्ञानका स्पर्शको साथ श्रीकृष्णको गुण एवं नाम स्मरण गर्ने ढंग बताएँ। भक्तिले मत्त भएर अब सुकुर्ने बाँकी लैन यसैमा समाप्त भयो भन्ठान्ने भागवतहरू निर्गुणी बन्दै समस्त दुःख देखि पार हुन्छन। व्यासजी, जेबाट रोग उत्पत्ति भएको छ, त्यो ढंगले उपयोग गरे के त्यै वस्तुद्वारा रोग निको हुन्न र? त्यसकारण तपाईं पनि अखिल विश्वको बन्धनलाई छिनाल्ने अर्थात् कर्मको बीजै नाशिने हरिचर्चा गर्नु होस् र मनलाई समाल्नुहोस्।" भनेर नारदजी व्यासलाई आदेश गर्नु हुन्छ भन्ने कुरा यस०।

## छैटौं अध्याय

ती मुनिहरू गए पछि "तपाईंको जीवन-धारा कसरी बह्यो" भनी सोध्ने व्यास प्रति नारदजी भन्नुहुन्छ-आफ्नो प्यारो आत्मा भुलेर मेरा शरीरको मात्र योग क्षेम चाहने अस्वतंत्रा मूर्ख आमाको एक मात्र गति म थिएँ र त्यसले मलाई अल्झाए झैं थियो। एकदिन माताजीलाई सर्पले टोकेछ मरिन्। अनुग्रह संझी उत्तर तिर गएं अर्थात् मेरो वृत्ति उच्चो हुँदै गयो। जब म एकान्त जङ्गलमा पुगें अर्थात् चित्त अनन्य भएथ्यो त्यो बेला हृदयमा प्रभुको उदय भयो आँखाबाट अश्रु बहे, प्रेम-पयोधिमा डुबें दोश्रो भान रहेन। तृप्ति नहुँदै भावावेश छुट्यो। कहिं देखिनँ विह्वल भएँ। यै बेला अचानक एउटा अगोचर शब्द सुनें-"कर्म बीज समूल नाश नभएका साधकलाई मेरो यथार्थ दर्शन हुँदैन। तिमीलाई थोरै

झल्का जो भो त्यो प्रेम वृद्धिलाई हो अर्थात् लुभाएको हुँ किनभने म पट्टी लागेपछि हृदयका समस्त कामना बिस्तारै छुट्ने छन् । यदि ममा बुद्धि बाँध्यौ भने महा प्रलयमा पनि स्मृति छुट्ने छैन अमर हुनेछौ ।" यस्तो सुनेको मैले परम प्रभुलाई नमस्कार गर्नुको साथ अनुग्रहलाई शीरोधार्य गरेर लज्जालाई छोडी गुप्ती उपकार सम्झदै संतोषी एवं निरभिमान भएर अनन्तको नाम उच्चारण गद पृथ्वी भ्रमण गर्न लागें । अवधि पुगेको शरीर एकदिन छुटिगो । बिभुमा प्रवेश भएको म पछि मरिचीहरूका सँगै जन्मी अहिले अविघात गति प्राप्त भएको छँदो बाजाको सहारालै हरि-कीर्तन गर्दै घुम्न लागेको छु । जब म प्रभुको गान गर्न लाग्दछु बोलाएको हो कि भने झैं भगवान् मेरो चित्तमा आएर दर्शन दिनु हुन्छ व्यासजी ! भवसागर पार हुने डुङ्गारूप भएको हरि-चर्चा मैले तपाईंलाई भने कामलोभले हत भएका मानिसको चित्त जति हरि भजनले शुद्ध हुन्छ त्यत्ति यम नियम योगादिले हुन सक्दैन त्यसकारण तपाईं हरि चर्चा कै आश्रय लिएर शान्ति प्राप्त गर्नु होस् भनी नारद व्यासलाई संझाउनु हुन्छ भन्ने यस० ।

## सातौ अध्याय

नारद गए उप्रान्त भक्तियोग द्वारा शम्याप्रासमा व्यासले मायाको र मायापतिको दर्शन पाए पछि अनर्थ रुप संसार बाट छुट्टि पाइने सात्वत संहिता अर्थात् भागवत बनाई पुत्रलाई पढाउनभो जसको श्रवणले मोह नाशिने कृष्ण-भक्ति प्राप्त हुन्छ । सूत भन्दछन्- जुनवेला द्रौपदीका पुत्रलाई अश्वत्थामाले मार गरे त्यसको बदला श्रीकृष्णले नीतिहरू देखाई गुरुपुत्र-

बधको प्रेरणा गरेर अर्जुनको परीक्षा गर्नुभयो साथै द्रौपदी-को पनि । किन्तु उत्तिर्ण मात्र हुँदा उनीहरूले ब्राह्मण एवं गुरु भक्तिको र करुणा रसको पराकाष्ठा संसारलाई देखाई दिए । पछि भीमसेनको भाषण द्वारा वेदको उभय-पक्षलाई आश्रय ली दिएको श्रीकृष्णको संकेतलाई बुझेका अर्जुनले शिरको मणि झिकेर छाउनीबाट निकाली दिए । यस पछि मरेकाको निति तिलाञ्जलि प्रदान हुन्छ भन्ने समेत प्रसङ्ग यस०

## आठौं अध्याय

तीन अश्वमेध पूर्ण गरी भगवान् द्वारकालाई तयारी हुनुहुन्थ्यो अचानक उत्तरा आर्तनाद गर्दै लडिन् प्रेमले उनका गर्भको र पाण्डवको पनि चक्रद्वारा रक्षा गरी रथ चढ्दै हुनुहुन्थ्यो । यसै बेला कुन्ति अवतार हुनुको हेतुलाई मतभेद प्रकट गर्दै आफ्नो यथार्थ कुरो भन्दछिन् "प्रभो ! हजुरको उदय, चित्तबाट गुण हटाएका निर्मोहीहरूमा भक्ति योग स्थापना गर्न भएको हो । हे अकिञ्चनको धन ! मलाई त विपत्तिको समूह संसारमा विपद्को अनुभव भै रहेस् सुख देखेर कहिं न रमौं जसमा नै हजुरको दर्शन छ । जन्म ऐश्वर्य विद्याको माद लागेका मोहवद्धजीव हजुरको नाम उच्चारण गर्न पनि सकदैनन् । हेमायापति ! मैले एकदिन महाबनमा मोहकारीलीला देखेको छु । जुन बेला यशोदा-जीको हातमा मोहन बाँध्ने डोरी थियो । नाथ ! मलाई मोह नगराई वकिसयोस् । हजुर नभए हाम्रो के नाम ? के रुप ? मानो प्राण रहित इन्द्रियको । अब मेरो माग छ प्रभो ! पाण्डवमा र वृष्णिवंशमा जोडीपको जुन मोह पाशो । त्यससाई चटक्क काटी

मोहन रूप प्रभुमा अनन्य गराई जोड्न पाउँ मानो गंगाजीको धार समुद्रमा झैं।" पृथाको मधुर स्तुतिले भगवानलाई रोकिनै दियो। बैकुण्ठले मुसक्यान द्वारा मोहपार्दै रथलाई अन्तर मुख गराउँछ पर्ने भित्री कारण यो पनि थियो-राजाको चित्त आफुले र मुनिहरूले संझाउदा पनि अत्यन्त खिन्न छ। उनि भन्दथे 'प्राणी मारेको प्रायश्चित प्राणी नै बध गरेर अर्थात् अश्वमेध आदिल कसरी हुन्छ? यो ता यस्तो हो मानो मैला पानीले मयेल पुछछु भने झैं भन्ने इत्यादि कुरा यस०।

## नवौं अध्याय

जीवद्रोहका डरले कृष्ण एवं ऋषिहरूको साथ आएका पाण्डवलाई देखेर अश्रु झार्दै समस्त धर्मको परिचय दिनलाई भीष्म पहिले भन्दछन्, युधिष्ठिर राजा, गदापाणी भीम, धनुर्धारी अर्जुन गाण्डीव जस्ता धनु कृष्ण नै स्वयं मित्र भएकालाई विपत पर्नु दैवको विधान देखेर कपिल नारद शिवलाई छोडी अरु ठुला कविहरू पनि मोह हुन्छन्। कलेवर छोड्दा नाम कीर्तन गरे जीव मोक्ष हुन्छ त्यो भक्तानुकंपी मेरो अन्त्य अर्थात उत्तरायणको आरम्भ सम्म विराजमान भएर दर्शन अवश्य दिनेछ। जसले आफ्नो प्रतिज्ञाको परवाह नगरी भक्तको बोली साँचो गर्न रथको पाङ्ग्रो लिई मलाई झम्टदै आयो जुन बेला दुपट्टा उडेको शोभामा र पृथ्वी काँपदा भिन्न भिन्न भावको दर्शन पाएर्थें। जसको लालित्य विलास एवं स्नेहद्वारा उन्माद भएका व्रजवधूहरू कहि कसैलाई गन्दैनथे, त्यस्तै म पनि हजुरमा उन्मत्त भएको छँदो ज्ञानात्मरूपी फसिंगरलाई धुन पाऊँ।" यस्तो स्तुति गरी भीष्मले

आखिरी ज्वालालाई अन्तर मुख गराए। देवलोकबाट पुष्प वृष्टि भयो। ऋषिहरू कृष्ण नाम उच्चारण गर्दै आश्रमतिर र थोरै शान्ति पाएका पाण्डवहरू कृष्णको साथ घर फर्के भन्ने कुरा यस०।

## दशौं अध्याय

युधिष्ठिरले राज्यभार सम्हाले पछि प्रसन्न हुनु भएको कृष्ण द्वारका जानलाग्नु भएको छ। जसको कीर्ति सुन्नलाई सौभाग्य उदय भएकाहरू त त्यो सङ्गत नपाउँदा दुःखित हुन्छन् फेरि मन बुद्धि अर्पण गर्ने पार्थहरू बिरहले व्यथित भए भंने के कुरो ?

उद्धव सात्यकी द्वारा चवर पंखाले सेवित एवं सलज्ज प्रेम युक्त कुसुम वृष्टि गरिनु भएको कृष्णले ब्रह्मवादीबाट मिलेको आशीर्वादलाई गुणी भावले ग्रहण गर्दै र निर्गुण हुनाले साँचो न मान्दै मार्गमा अत्यन्त शोभा पाउनुभयो। अटालीमा कुरुनारीहरू– "यो पुरातन ब्रह्म हो, तदपि मायाको सहारा ले सृष्टि आदि काम र त्यसको नीति विधान बताउँदछ। यसलाई हेर्न भक्ति रसमा डुबेर निर्मल बन्नु पर्दछ। वेदवादिले समस्त शास्त्रमा गाएको यसैको गुना हो। यो समयानुकूल दया आदि सद्गुण ली कन संसारमा आउँछ सखि! मधुवन र द्वारका धन्य छ। ती महिषी पनि धन्य हुन् जसलाई प्रभु अधरामृत स्वतः प्राप्त थियो। त्यसमा पनि विशेष धन्य ती व्रजग्वालिनीलाई छ जुन अमृतको स्मृति मात्रले जो आनन्दह्रदमा गोता मार्दै मूर्छा पर्दथे।" आपसमा यस्तो वार्ता गरेको सुनिन्थ्यो।

भगवान् कृष्ण यस्तो मनोहर श्रुतिवाक्यलाई सुस्क्यानद्वारा स्वीकार गर्दै रथ चढाउने आज्ञा दिनु हुन्छ। आज्ञर्तमा पुगी थाकेका

घोडालाई विश्राम दिएर आफू चाँहि संध्याकालको सेवा गर्न अर्थात् सूर्यार्घ दिन लाग्नुभो भन्ने यस०-

## एघारौं अध्याय

रातो कमल माथिको सेतो हाँसले शब्द छोडे झैं कृष्णले शंख द्वारा जब संकेत दिनु भएथ्यो मानो वत्ति द्वारा सूर्यको पूजा गरे झैं निज लाभले पूर्णकाम प्रभुको स्वागतलाई प्रजाहरू उपहार लिंदै अनाउँ लागे। साथै पिता संग सानो बालकले बोले झैं हर्ष युक्त तोते बोल्न पनि। 'विरञ्चि शिवादिलाई पनि दुर्लभ, कल्याणको निधान हजुरको पदवीलाई हामी पुत्र शिष्य मित्रादि समस्त भावले वन्दना गर्दछौं। प्रभो! जब हजूर बन्धु हेर्न मथुरा या हस्तिनापुर जानु हुन्छ मानो हामीलाई सूर्य विनाको नेत्र झैं एक एक क्षण पनि कोटि युग समान लामो हुन्छ।" स्तुति सुन्नुको साथ नाना शृंगार युक्त माङ्गलिक शोभा हेर्दै प्रिय दाऊजी एवं पुत्रहरूका साथ प्रभु नगर प्रवेश गर्दै हुनु हुन्छ, कसैलाई अभिवादन, कुनैलाई आलिंगन, कुनैलाई स्पर्श कसैलाई मुसक्यानको दृष्टि फेर्दै पहिले माताहरूको घरमा पाल्नुभो पश्चात् आफ्नो महलमा पनि। आत्मरुप पुत्रहरूलाई अगाडि लगाई पति परदेश रहे संमको व्रतका साथ आशनवाट उठेर रुक्मिणीहरूले अन्तरात्मा द्वारा आलिंगन गरे। शौनकजी! जसलाई देखेर कामदेवले आफ्नो धनु छोड्नु परेथ्यो त्यस्ता उत्तम प्रमदाहरूले पनि प्रभुको इन्द्रियलाई पगाल्न सकेनन्। बुद्धि देखि आत्मा निर्लेप रहे झैं त्यस्ता असङ्गीलाई पनि मूर्खहरू स्त्री संङ्गी भन्दछन् यहाँ सम्मन कि भगवानकै मूर्ख अवलाहरू पनि आफ्नो पतिको प्रमाण

नजानेर कृष्ण मेरै वश पर्नु भएको छ यसो भन्दथे भन्ने इत्यादि कुरा यस० ।

## बाह्रौं अध्याय

परीक्षितको जन्म मृत्यु र कर्मादि सोध्ने शौनक प्रति सूतजी भन्दछन- जम्बुद्वीपको मालिक र स्वर्गसम्म पुगेको ख्यातिले पनि पाण्डवलाई प्रसन्नता छैन मानो भोगले सताएका-लाई रथ चढाइ दिनु शृंगार गराई दिनु आदि सेवाले सन्तोष नभए झैं। आफ्नो रक्षा गर्नलाई गर्भस्थित बालकले देखे पछि यो को होला भन्दै परिक्षा गर्न थालेका हुन् यसैले उनको नाम परीक्षित रह्यो । शुभ बेला पाईकन परम भागवत जन्मेपछि डाकिएका ब्रह्मवादीले उनको मुक्ति पर्यन्तको घटनाहरू बताई आफ्ना आफ्ना घर गए, यता भगवान पनि अर्जुनको साथ द्वारका जानु हुन्छ भन्ने कुरा यस० ।

## तेह्रौं अध्याय

आत्म जिज्ञासालाई विदुरले धेरै प्रश्न गरेका थिए तर मैत्रयका थोरै उत्तरले नै कृष्णप्रेम प्राप्ति भैगो शेष उत्तरको आवश्यक परेन । उनी हस्तिनापुर आए सत्पुरुषको दर्शनले प्रेमाश्रु वहनु स्वाभाविकै हो । विश्राम पाए पछि तीर्थयात्रा संबन्धी कुरा सोध्ने धर्मराज प्रति आफ्नो अगाडि दुःखी देख्न नसक्ने धर्मावतार उनले यदुकुल नाशको घटना बाहेक सबै वृतान्त सुनाइ दिए। पश्चात् कस्तै दुःख परे पनि मानिस-मा बाँच्ने आशा छुट्दैन इत्यादि मोहबद्ध जीवको चेष्टा र

संसारको नश्वरता बताउँदै धृतराष्ट्रको साथ उनी उत्तर तिर लाग्दछन् । यता काका काकीका वियोगले खिन्न भएका राजा सञ्जय सँग सोध्दै थिए यही वेला नारदजी आइकन सन्देह नास गर्ने कर्म विपाकहरू दर्शाई शान्त गराउनु भो । उता सप्तस्रोत किनारामा योगारुढ धृतराष्ट्र गान्धारीको गति देखेर आश्चर्य भएका विदुर हरिस्मृतिको निति सत्सङ्गत खोज्न हिड्छन् भन्ने कुरा यस० ।

## चौधौं अध्याय

मानिसमा क्रोध लोभ झुठ कपट बढदै गएको देखि देवर्षिले सूचन गरेको वेला "भाइ ! आयो क्यार हेर ऋतुहरूले उल्टो धर्म देखाई रहेछन्, प्रकृतिमा कतै श्री छैन अझ के देख्नु सुन्नु पर्ने हो ?" इत्यादि तर्कना गर्न लागेका युधिष्ठिरको अगाडि अश्व वहाउँदै मलिन मुख अर्जुनजी आइ दाजुको पाउमा पछारिए । अनि मुख्य मुख्य बन्धुहरू जो रामकृष्णका बाहुदण्डले सुरक्षित थिए तिनको नाम लिँदै क्षेम कुशल पुछनुको साथ वृद्ध बालक याचक अतिथी रोगी गर्भिणीहरूको उपेक्षा गऱ्यौ वा शरण आएका दीनलाई आश्रय दिएनौ अथवा किन यस्ता देखियौ भनी तेजहीन हुनुको कारण पनि सोधे भन्ने यस० ।

## पन्ध्रौं अध्याय

प्रल्हादलाई नरसिंहले रक्षा गरे झैं भीष्मादिका अमोघबाण द्वारा बचेको र दुर्वासाश्राप संरक्षण आदि नाना वात्सल्यता एवं अज्ञानवश भएका आफ्ना अनादर सहेका घटनाहरू संझदै बन्धु रूप हरिदेखि ठगिएको वृत्तान्त सबै सुनाई अर्जुन फेरि भन्दछन्–

"धनुर्वाण घोडा यिनै हुन् रथी म उही हुं, किन्तु आश्रय छ मानो मरुभूमिमा छरेको बीज, खरानीमा दिएको आहुति कपट भरी सेवा झैं सब व्यर्थ भो। दारू ! मित्रहरू चार पाँच शेष राखी मानो जलका ठूला जंतुले सानालाई निले झैं शापको छल द्वारा ईश्वरले भूभार हन्यो। देश काल, बन्धुको सानुकूल हृदयको जलन मेट्ने गोविंदको कुरा संझदा मेरो चित्त छिया छिया हुन्छ।" यस्तो वेदना एवं स्नेह युक्त स्मरणले मैल नाशिएका अर्जुनको जब भगवद् विकास भएथ्यो तब शोक मोह द्वैत नाशिएका पार्थहरू निर्गुणी बन्धुका साथ भागवत रुप पौत्रलाई हस्तिनापुरको र वज्रनाभलाई मथुराको राज्य सुम्पेर पागल पिशाचको झैं चेष्टा गर्दै विषयीलाई दुर्लभ एवं विरज मुनिले पाउने गति प्राप्त गरे साथै कुन्ति द्रौपदी एवं विदुरले पनि। भन्ने कुरा यस० ।

## सोह्रौं अध्याय

कसको हेतु कलि निग्रह भयो, त्यो यदि कृष्णको या वहाँका प्रिय भक्तका कथाको आश्रय छ भने पिलाउनु होस् त्यो अद्भुत हो, तत्र असत् आलापले त आयुको हानि मात्र छ । यसरी सोधिएका सूत भन्दछन् "कलिको मनमानी देखेर सज धजका साथ भद्राश्व आदि वर्षमा दिग्विजय गर्दै हिंड्ने परीक्षित् स्थान स्थानमा कृष्ण महिमालाई सूचन गर्ने आफ्ना पितामहका यश र वृष्णि पार्थमा परस्पर बाँधिएको स्नेहको डोरी केशवमा जोडिएको थियो भन्ने इत्यादि कुरा समेत जब सुन्दथे अनि प्रेममा विभोर भएर लाएको पोसाक एवं हारहरू तीं गाउनेहरूलाई प्रदान गर्दथे। समयानुकूल कहिले सारथी कहिले सभापति कहिले सेवक,

दूत, कहिले वीरासन द्वारा रक्षा, कहिले स्तुति प्रणाम आदिले पाण्डवमा अत्यन्त वात्सल्य दर्शाउने विष्णुका चरणारविंदमा यता परीक्षितको प्रेम बढदैछ उता एक दिन कृष्ण विरहले विह्वल एवं अब जन्मने जीवको गति कस्तो होला भनी आपसमा खेद युक्त भै वार्ता गर्न लागेका एक पाउ मात्रका अपूर्व सेता साँढे र गाईलाई पूर्व वाहिनी सरस्वतीमा यिनै नृपतिले देखे भन्ने कुरा यस०।

## सत्रौं अध्याय

'साधु एवं स्वधर्मीको रक्षा नै राजाको परम धर्म हो' यो बताउँदै कलि द्वारा घात भैरहेका प्रति परीक्षितले दुःखको हेतु सोधे तब गोरु रुप धर्म भन्दछन्-"पाण्डव कुलमा यस्तो गुण समूह नहुँदो हो त भगवान् किन दूतादि बन्नु हुन्थ्यो। तर राजन! दुःखको हेतु हामी यसै हो भन्न सक्दैनौं आफैं विचार गर।" राजाले भन्ठाने-'दोस्राको अधर्म सूचन गर्नले आफू पनि पापको भागी बन्नूपर्छ यस कारण कुरा नखोलेको होला। अथवा प्रभुको लीला के बुझ्नु! जेहोस् मेरो विचारले त सत्यनाम लिएको वाँकि एक पाउ नष्ट गर्न लागेको यो कलियुग हो। 'अब ब्रह्मवादी-को अनादर गर्ने राजाहरू मलाई भोग्नेछन्।' भनेर रुने यी पृथ्वी हुन्।" यो विचार गर्दै जब कलि मार्न उनले खड्ग लिएथे तब ऊ शरण पऱ्यो र स्थान पायो झूठ, मद, कामना, हिंसाका साथ यी चारैलाई सहयोग दिने सुन अर्थात् द्रव्यमा पनि। दूला व्यक्ति-हरू यी पाँच कुरा देखि अवश्य अलग हुन्छन् हेर्नु होस् अहिले तिनै राजाबाट वृद्धि एवं पालना भएकी पृथ्वीमा बसी तपाईंहरू अनुष्ठानमा दीक्षित हुनु भएको छ धन्य हो!" भनेर शौनकहरू-लाई सूतले भने भन्ने कुरा यस०।

## अठारौं अध्याय

अद्भुत कर्मी कृष्णको अनुग्रहबाट जो माताको पेटमा मरेन, प्रभुमा अनन्य भाव हुनाले तक्षक द्वारा मर्नआपपर्दा जो मोह भएन। सिंह स्वरूप सज्जनमा होइन घमण्ड युक्त निर्धा जीवमा मात्र ब्याँसो झैं पस्ने रूप लिएको एवं सत्कर्म चाँहि मन्ले चेष्टा गर्दैमा प्राप्त हुने महान् गुण लिएको काललाई जसले मारेन ती भँवरा झैं सार पिउँन जान्ने परीक्षितको आख्यान मैले गरें। शौनकजी! जसले उत्तम श्लोकको अमृतमय लीलालाई मथन गरेर पिउँन जान्यो त्यसलाई मृत्युको समयमा पनि हड्बडी पर्दैन। यो सत्य हो त्यसै हेतु त्रिगुण हटाउँन र चित्त जोडनुको निति कथा रसको सेवा मुमुक्षुहरू गर्दछन्।" यो सुनेका ऋषिहरू भन्दछन्–" सूतजी! अनविश्वाशी कर्ममार्गमा लागेका हामीहरूको आत्मा धू वाले लपेटी रहेको छ अब गोबिन्दका पादपद्मबाट झरेको बूँदले विकास गराऊ। हेर सतसङ्गबाट मथन भएको अमृत बूँदमा जस्तिको मिठास एवं अमरता छ त्यो न स्वर्गमै छ न अपुनर्भवमा।" उत्तरमा सूत भन्दछन् "हेर्नुहोस अनन्य परायणहरू केवल अनन्तको नाम लिएरै आफ्नालाई कृतार्थ संझन्छन् त्यस्तै म पनि जातिमा विलोम हुँ तर म आफ्नालाई धन्य संझीरहेछु तपाईंहरू जस्तो बुद्धिमानलाई यत्तिनै सूचन काफी छ, यौटा प्रमाण समुद्र मथनको दिन समस्तलाई छोडी श्री कसको आश्रय लिन गइन्! ती अनंतको नाम छाडी संसारमा कुन पदार्थ होला? जुनबाटो हिंड्न देहादिमा आसक्ति छोड्नु रूपी भार पंछाई अहिंसारूपि लट्ठीको सहारा नभै कोही समर्थ छैन। अब म तिनै अनन्तको

लीलारूपी आकाशमा मानो पक्षि ताकत अनुसार उडे झैं शक्ति अनुसार उड्डछु। एकदिन सिकारले परिश्रम पाएका राजा जल खोज्दै त्रिगुण नाघेका ऋषिकहाँ पुगेर स्वागतादिको गुण नदेखी अवगुण गाँउदै उनको काँधमा मरेको साँप लगाइदिए। ऋषिपुत्र रूँदै भन्दछन्–हाम्रा द्वारको रखवाली कुत्ताले आज भंडारै शून्य गरेछ, सात दिनमा मरोस्।" रूवाईले ऋषिको ध्यान भंग भयो देशमा राजा नहुँदा चोर बढ्ने र आर्यधर्म लुप्त भै वर्ण संकरता फैलिने इत्यादि कुराले खिन्न भएका उनी परमप्रभु-संग क्षमा याचना गर्दै साधुलक्षणलाई प्रकाश गराउन लागे भन्ने यस०।

## उन्नाइशौं अध्याय

घर आई पुगेपछि ब्रह्मको हेलाद्वारा राजाको हृदय पोल्नलाग्यो उनी ब्रह्म विर्साई दिने आफ्नो वैभवादि गुणलाई तिरस्कार गर्दै थिए त्यसै वेला स्वरूपैबाट गुणमा स्नेह लाग्न नदिने मृत्युको खबर पाएर निर्गुण रूप कृष्णको सेवालाई घर छोडी उनी गङ्गाजीको तटमा त्रिवर्गदेखि अलग विष्णुपद अर्थात् तुरीयको प्रतिक्षा गर्न लागे। हुन पनि जन्म मरणादि गुणमा परेको जीव तुलसी मिश्रित सुगन्ध रूपी तुरीय पदको आश्रय नगरी कसरी विषयको गन्धदेखि पार होला?" उनको सद्भावनाले गर्दा सत्ववृत्ति युक्त वैष्णवहरू समस्त जम्मा भए अनि आफ्नो अभिप्राय राजा प्रकट गर्दछन्" हामी रजोगुणीहरू गहित कर्मी हुनाले ब्रह्म-पददेखि अलग छौं–तैपनि डरको हेतु घर धनादिमा बाँडिएको मेरो वृत्ति शापको छलले हटेको ता छ तर श्री हरिमा जोडिन

सकेको छैन विष्णु गाना सुन्न पाएँ भने म तक्षकको पख्याछ राख्ने थिइन । साथै फेरि पनि अनन्तमा प्रेम एवं भक्तको सङ्गत पाउने थिएँ ।" यस्तो निष्कपट बचन सुनेका सत्वगुणी ऋषिहरूले जब राजा शोक रहित निर्गुण स्थितिमा नपुगेसम्म रसायन रूप गुणानुवाद गरी निश्चल भै रहने निश्चय गरेथे त्यसैले बेला सत्ववृत्ति रूपी तारा मण्डलका बीच चन्द्ररूप निर्गुण आत्माको प्रकाश देखिनु स्वतः सिद्ध छ। त्यसैलाई दर्शाउँन निजी लाभमा सन्तुष्ट शुक नाम ब्रह्मको उदय भयो। अनि राजाले तीर्थ रूप वैष्णवहरूका स्मृतिको प्रशंशा र बन्धुरूप कृष्णको स्मृति गर्दै भर्ने स्वभाव लिएको जीवको कर्तव्य के हो ? भनेर प्रश्न गरे भन्ने यस० ।

[ प्रथमस्कन्ध समाप्त भयो ]

-❁०❁-

# अथ द्वितीय स्कन्ध

## पहिलो अध्याय

आफ्ना अगाडि परिवार मरेको प्रत्यक्ष देखेर पनि आफ्नो मृत्यु न देखने घमण्डीहरूको रात चाँहि निद्राले र स्त्री प्रसङ्गबाट, दिन चाँहि द्रव्य कमाउँने नाना चेष्टा र जञ्जालको पेट भर्ने चिन्तले नै व्यतीत हुन्छ त्यस्ता देहवादिहरूले हजारौं शास्त्र सुनेरै के हुन्छ ? नानायोनिको अन्त्यमा मिलेको यो देहले नाना साधनको परिणाम

रूप श्रवण-कीर्तनद्वारा हरिस्मृति पाएन भने जन्मको अर्थात् संसारमा उदय भएको सफल भएन। त्रिगुण नाघेका विरागीहरू अर्थात् तुरीय नाम अभय-पद को आश्रयीहरू पनि हरिकीर्तनमा रमदछन्। कालको प्रभावलाई भुलि धेरै काल लगाई अभिमान पूर्वक गरेको साधन भन्दा आत्मकल्याणको निति सच्चा त्यागपूर्वक गरेको एकै मुहूर्तको निर्मल भक्ति श्रेष्ठ छ प्रमाणलाई खट्वाङ्ग छन्। यी भए उत्तम साधकी। जसमा यत्तिको साहस छैन ती चाँहिले वैराग्य रुपी शस्त्रद्वारा देह गेहादिको आसक्तिलाई छिनालेर पवित्र वातावरणको अर्थात् सत्वगुणको आश्रय ली मनलाई निर्विषय गुणरहित बनाउने अभ्यास गर्नु पर्दछ। जसको सफलता नै प्रसन्नता या विष्णुपदको स्थिति हो।

रजतम रुपी मल लपेटिएको मनलाई कुनै धीर पुरुषहरू स्थूल विराट्को ध्यानले पनि निर्मल बनाई योग प्राप्त गर्दछन्। जसको शिर सत्य लोक र पाउ पाताल हो। जसरी स्वप्न द्रष्टा पुरुष स्वप्नाको प्रपञ्चलाई आफैद्वारा उत्पत्ति गरेर आफै हेरी आफैमा लय गर्दछ त्यस्तै ईश्वर पनि यो विश्वलाई। त्यो एक मात्र सत्य, आनन्द-निधिको स्मृतिलाई छोडी जो स्वप्नमय नाना प्रपञ्चमा आसक्त हुन्छन, तिनको आत्मा पतन हुन्छ, त्यसकारण राजा! उनै एक प्रभुको भजन अनन्य भएर गर भनेर शुकले भने भंने कुरा यस०।

## दोश्रो अध्याय

भुलेका विधिले उपरोक्त धारणद्वारा स्मृति भेटी सृष्टि गर्न समर्थ भएका हुन्। नाना वासनाले चक्कर खाई स्मृति हराएका जीवको गति जान्ने ज्ञानीहरू जीवन यात्रा चलाउँनलाई चाँहिदो वस्तु मात्र

अहण गर्दछन् । निर्वाहको हकभात पृथ्वीले शय्याको, बाहुहरूले सकियाको, अञ्जलीले गिलासको, रुखको बोकाले छुवाको काम दिदैनन् र? हैन राजा ! छुवाको निति प्यांकिएका किताब मानिसहरू न दिउन् सही, के खानको निति रुख पनि निर्दयी भै सकेर? फेरि पिउनलाई बेइको नदिर बनी बनाऊ गुफा कसले रोक्न सक्छ? अझ सम्बन्धा हुलो कुरा के भगवानले शरणागति-लाई पालन छोड्यो? नत्र किन त धनको मादले आँखा छोपिएकालाई विद्वान् नामधारीहरू प्रशंसा पत्र अर्पण गर्दै हिंडदथे? स्वतः सिद्ध अनन्त नाम लिएको प्यारो आत्मा छँदाछँदै वैतरणीको खयाल नगरी नाना नाम लिएको वस्तु चक्त भित्र पशु विना को मान्छ चटुल्ला? गुण ननिखिएका कुनै साधकी चाँहि भगवान्का सुन्दर रुप एवं मुसक्यान र एक एक अङ्गका शृंगार आदि गुणलाई सँगै आफू निर्गुणी हुन्छन्, जहाँसम्म तुरीयमा भक्तियोग लाग्दैन । कुर्कुच्चाले गुदद्वार रोकेर क्रमैसँग षड्चक्र भेदन गरिनेलाई सद्यो मुक्ति र इन्द्रिय एवं मनको साथ लोकहरू विहार गर्दै अग्निलोक पुगेर शेष पाप डढाई क्रमैले, प्राणीको विजोग देखेर कृपा लाग्नु बाहेक अरू दुःख नभएको अर्थात् साँचो कुरा झल्कने सत्यलोक पुगेपछि, सूक्ष्म बन्दै शान्त ब्रह्मपद जहाँ परम भागवतहरू मात्र पुग्दछन् । त्यसलाई क्रम मुक्ति भनिन्छ । यो दुवै मार्गको रहस्य र प्रभु-प्राप्तिलाई एकमात्र साधन 'प्रेम' भन्ने कुरा तीन पटक समस्त वेद पढ्नापछि वासुदेवका अनुग्रहले ब्रह्माजीले जाने । राजा ! त्यसकारण श्रवण कीर्तनबाट मथिएको रस पिएर विषय रूपी विषलाई झार्ने काम गर भनी शुकले भने भन्ने कुरा यस० ।

## तेश्रो अध्याय

उपरोक्त साधन मनिषीहरूका निंतिको हो। जो मोक्षको चाहना नगरी स्त्री, विद्या, प्रतिष्ठा, राज्य, रुप, आयुको इच्छा गर्दछन्, तिनले शिव ब्रह्मा, प्रजापति आदिको उपासना गरुन्। निर्गुण भक्तको सङ्गत नै कल्याणको उदय हो त्यो प्राप्त नभै न काम-नाको बीज भुटिन्छ न श्री हरिमा अचल भाव या कथामै प्रेम लाग्दछ भनेर शुकले भनेपछि 'राजाले के सोधे ?' भनी प्रश्न गर्ने शौनक, श्रोता वक्ता यस्तो पात्र हुनुपर्छ भन्ने दुवैको महिमालाई परिचय दिंदै सूतसँग भन्दछन्- हेनुहोस्, श्री हरिको वार्ता बिना समय व्यतीत गर्नेको आयुलाई उदाउँने अस्ताउने छलले श्री सूर्य छिन्नगर्दै हिड्नु हुन्छ। मानिसहरू धेरै दिन बाँच्नुलाई ठूलो मान्द-छन् त्यो यदि साँचो हो भने रुखहरू पनि त हजारन वर्ष बाँच्दछन्, भजन वेगर स्वास फेर्नु नै धर्म हो भने खलाति र चपाउँनु हगनु मैं आनन्द हो भने ग्रामका पशु पनि त के कम भए ? जसको कानका प्यालबाट श्री कृष्णको नाम पस्दैन त्यस्तालाई गधा, ऊँट, कुकुर बिरालोले मात्र स्तुति गर्दछन्। त्यो कान सर्प बस्ने गुँड हो। हरि कीर्तन नगर्ने जिभ्रो भ्याउतीको झैं बेकार बोल्ने हो। सुनको बालाले युक्त होस् तापनि हरिसेवा नगर्ने हात, हरिभक्तका पाउको रज न लाउने अंग, चरणामृत न सुँघ्ने नाक मुर्दाको हो। हरिनाम कीर्तनको ध्वनि सुनेर पनि रोमाञ्च अश्रुपतन न हुनेको छाति वज्र तुल्य साहारो एवं रुखो हो सूतजी ! यसपछि राजाले के सोधे ? भनी कुरा यस०।

## चौथो अध्याय

सूत भन्दछन्- शास्त्र एवं अनुभवमा निष्णात वैयासकिका

तत्वो किले घर स्त्री पुत्रादिको ममता त्यागी वासुदेवमा आत्मभाव प्राप्त गरेका राजाले विद्वानहरूको भावनामा नआउने अद्भुत कर्मी ईश्वरले नाना शक्तिको सहायतावाट खेल्ने खेलाउने कुरा कसरी हो भनेर सोधेपछि हर्षी हँसाई संझी शुक भन्न लागे- जसको श्रवण कीर्तन स्मरण वन्दन तत्कालैमा कल्मष नाश गर्न समर्थ छ। कस्तै तपस्वी दानी मंत्रवेत्ता हुन् किंतु अर्पण नभए संभ कल्याणमा प्राप्त हुँदैनन्। किरात हूण, चमार कस्ते पापी हुन् तर भक्तका ओतमा छन् भने ती पनि शुद्ध हुन्छन् जसको अनुग्रह विना हरिको कीर्ति बोल्दा पनि रसको स्वाद आउँदैन त्यो परम प्रभुलाई र जसको मुखाम्बुजबाट मैले भागवत पिएँ तो पिता व्यासलाई पनि मेरो दण्डवत् प्रणाम छ। यसरी मङ्गलाचरण गर्नुकासाथ, नारदका उपरोक्त ढंगको प्रश्न प्रति ब्रह्माले दिएको भागवत संझे भन्ने कुरा यस०।

## पाँचौं अध्याय

जसको हत्केलामा अमलाको गेडावत् यो विश्व छ, त्यस्तालें कष्ट पूर्वक सेवा गरेको देखेर आत्मतत्व जान्न खोज्ने नारद प्रति ब्रह्मा भन्दछन्- मदेखि परको तत्व जसका प्रकाशले सूर्य चन्द्र, सहितको विश्व र म प्रकाशित छु। उनै द्रव्य कर्म काल आदिमा ओतप्रोत एवं परम गतिरूप वासुदेवका मायाले मूर्ख- हरू मलाई जगत् गुरु र आफूलाई म एवं वस्तुलाई मेरो भन्दै चकवक गर्दछन्। नारदजी! पहिले प्रभुबाट माया र उनबाट महत् त्यसबाट तीन अहं पैदा भए। तामसबाट पंचमहाभूत सात्विकबाट मन र इन्द्रियका अधिष्ठात्री एवं राजसबाट ज्ञान

क्रियाका शक्ति सहित दश इन्द्रियहरू सृष्टि भए। किन्तु मानो यत्नमा नउनिएका फुल झैं तिनको अलग भाव देखेर प्रभुले शक्ति प्रदान गर्नु भयो तर पक्व नभै सक्नुको हेतु हजारन वर्ष जलमा डुवेपछि चेतन पायोर विश्व रचनाको कार्यक्रम आरंभ भयो। भन्ने कुरा यस०।

## छैटौं अध्याय

त्यही विराट प्रभुका मुख, हात, पाउ, रौं, आँखा, हृदय, मन, पेट, कपाल आदि जति अवयव थे, ती सबबाट अलग अलग वस्तुहरू निस्कन थाले आखिर वहाँ कै अवयव बाट वेद, अमृत, सूर्य, चन्द्र, पहाड, मानिस, देवता, दैत्य, ऋषिमुनि, सागर अर्थात् स्थावर जंगम समस्त सृष्टि भए। नारदजी! हेर, मेरो बुद्धि एवं मनका वृत्तिहरू कहिल्यै झूठो लक्ष लिएर नाश हुने बाटोमा लागेनन् त्यसैले छातिमा मैले हरिलाई धारण गर्न सकेको छु, तर यथार्थ वहाँको पदवी जान्नता तिनी, म, वामदेव पनि सक्दैनौं र वहाँले अवतार लिदा परेका नाम कर्मको गाना गर्नुको साथ आत्म-कल्याण प्रदानलाई समर्थ सुमङ्गल पादारविन्द जो विशुद्ध निर्गुण अद्वय पूर्ण छ त्यसलाई नमस्कार मात्र गर्दछौं। भूमाको पहिला अवतार काल स्वभाव द्रव्य सत् असत् स्थावर जंगम मिश्रित विराट् हो। त्यसपछिको म शिव प्रजेश इन्द्र नाग गन्धर्व यक्ष रक्ष, प्रेत समस्त हुन्। तर जसजसमा सहनशीलता क्षमा ओजहरू विकास हुन्छन् तिनमा विशेषता हुन्छ। संसारभरको वेकार शब्द सुनी मैला भरिएको कानको कषाय शोधन समर्थ लीलावताको सुन्दर विवरण चाहिं अब म कसैले गर्न छु तिमी पढ्न जाऊ। भनेर व्यासले भने भन्ने यस०।

## सातौं अध्याय

पृथ्वी उद्धारलाई यज्ञमूर्ति, तिनलोकको आर्तिनाशलाई सुप्रज्ञ, गुणको संग रुप हिलो हटाउन कपिल, योगप्रचारलाई दत्तात्रेय, आत्मतत्वको विकासलाई चतुसन, निष्कामको आदर्शलाई नर नारायण, तपस्याको प्रभाव देखाउन ध्रुव, रस दुहेर धर्म प्रचारलाई पृथु । परम हंस गति देखाउन ऋषभ, वेदको विस्तारलाई हयशीर्ष, वेद एवं वीज रक्षालाई मत्स्य । अमृत मथनलाई कच्छप, भक्तवत्सलता देखाउन नरसिंह । साँचो आर्तनाद सुनेर हरि । सकामी निष्कामी दुवै भक्तको परिचय गराउन वामन । तिव्रो भावले प्रशन्नमै शरणागतिको ज्ञेय भागवत धर्मको शिक्षालाई हंस । आयुर्वेद प्रचारलाई धन्वन्तरि, ब्रह्म द्रोहीको समूल नाशलाई परशुराम, मर्यादालाई राम, प्रेम प्रचार लई राम कृष्ण, वेदविभागलाई व्यास, हिंसा निरोधलाई बुद्ध, पाखंडनाशलाई कल्कि । तिम्रा दाजु मुनिहरू हुन या कोही होस वरु पृथ्वीको धूलो एक एक गरी गन्ति गर्न सकला किंतु अनन्तको विभूतिमा शक्तिको अन्त्य लिन कोही सक्दैन स्वयं आफूले नै आफ्नो गुण गाएर पार नपाएको कुरा अरुले जानुन भनेर आफ्नो महिमाको प्रकाश स्वयं आदिदेव अनन्त विना निरन्तर नउक्ताई गाना गर्ने सामर्थ्य कसको होला ? यो भो साँचो कुरा । तर्ने हकमा चाहि–जसमा कपट छैन जो अनन्तको कृपापात्र या साँचा आश्रयी छन् चाहे तीं शूद्र हुण नै किन नहुन् ती तर्छन् । यो भो अनुग्रह मार्ग । साधन मार्गमा चाँही जसलाई कुकुर या श्यालको अहारा रुप शरीरमा म मेरो

भाव छैन साथै अनन्त नै यो आदर्श देखाइ रहनु भएको छ हाम्रो के सामर्थ्य भनेर साँचो कुरा जान्ने ज्ञानीहरू-जो प्रल्हाद उद्धव शुतदेव ऋषभ ध्रुव चाहि माया रचित विश्वबाट पार-लागी प्रशान्त चैतन्य मात्रको अभय पदमा प्राप्त हुन्छन भन्ने कुरा कुनै आश्चर्य ह्वैन। नारदजी ! यो विभूतिको संग्रह साराबत तिमीलाई मैले संक्षीप्तबाट सुनाएँ अब तिमीले यसलाई विस्तार पूर्वक अर्थात् "कसरी मानिसलाई प्रभुमा भक्ति लाग्छ त्यो संकल्प गरेर भक्ति प्रचार गर अनि मात्र मायाजालबाट तरिनेछ भनी ब्रह्माले भने भन्ने कुरा यस० ।

## आठौं अध्याय

निर्गुण परमात्माको गुण प्रचार गर्नु भनेर पिताजीको आदेश पाएको नारदले ककसमा दिए ? त्यो अद्भुतकर्मी अखिलात्मा कृष्णको सुमङ्गल चरित्र सुन्न पाए म पनि मनलाई गुण रहित गराई कलेवर छोड्दा हुँ। पानीको मैलालाई शरद्ऋतुले निर्मल बनाए झैं कानको प्यालबाट पसेको कथामृतले भाव-कमल चाँडो खिल्दछ, त्यसैलाई भगवद्भाव भन्दछन। निर्मल चित्त भएकाहरू स्वयं प्रकाश भएको हरिलाई, छोड्न बिर्सन सक्दैनन् मानु थकित बटुवालि सझको बेला पाएका राम्रो बास। गुरु ! सर्व गुहाशय मायापतिका अनुग्रहद्वारा ब्रह्माले पुरूषका अवयवमा नानालोक एवं लोकपाल कल्पना गरे भन्ने कुरा सुनें। अब कल्प विकल्पका नामको साथ स्थूल सूक्ष्म रूप कालको स्वरूप र भू, पाताल आकाश, समुद्रादिको वर्णन एवं भक्तचरित्र, आश्रम धर्म, युग युगमा हुने अवतार तथा सामान्य र विशेष धर्म वेद उपवेदका साथ तत्वको संख्या के कति छ ? सम्पूर्ण कुरा जान्न पाऊँ प्रभु !

अन्नपानी ग्रहण नगरी अनशन लिएकालाई यति लामो विवरण किन ? आज्ञा न होला, हजुरका मुखबाट झरेको अमर पीयूष पानले मेरा प्राणहरू छटपटाएका छैनन् यसरी हात जोड्ने राजाका प्रश्नले अत्यन्त प्रसन्न भएका शुक ब्रह्म कल्पको आरंभमा भगवानले ब्रह्मालाई दिएको भागवत बताउँन लागे भन्ने कुरा यस० ।

## नवौं अध्याय

काल र माया देखि पर आफ्नो महिमामा मोह रहित भै रमण गर्ने परम प्रभुलाई भान परेका नाना रूप, गुण रूपी अँध्यारो भित्र 'म मेरो' भन्ने जीव देख्न सक्दैन दर्शनको निंति निष्कपट आत्मा दीक्षित भएर ब्रह्माले आदर्श देखाएको छ । एक समय अपंच निर्माणको निंति ब्रह्माजी प्रभुको स्मरण गर्दै थिए अचानक निर्गुणीहरूको धनलाई अलग अलग उच्चारण भएको यिनैले सुने वर्णका जो सोह्रौं र एकाइसौं अक्षर थिए "तप तप" आज्ञानुसार धेरै समयका आराधनाले चित्त निर्मल भो र पहिले बैकुण्ठ लोकको पश्चात हरिका अनुव्रतीहरूको, अनि झुल्नामा आश्रित श्रीको र त्यस पछि सुनन्दादि आत्मीय मंडलका बीच श्रीपतिको पनि दर्शन पाए । आल्हादले रोमाञ्च एवं प्रेमाश्रु आदि सुलक्षण युक्त भावावेश देखि मुसुक्क हाँसेर हातले प्रेम पूर्वक हात समाई श्री हरि बोल्नु हुन्छ–पुत्र ! थोरै दिनको आराधनाले हेर्न खोज्ने, चीज नभुटिएकालाई कल्याणको परिणाम रूप दर्शन असंभव छ । तिमी देखि खुशी भएँ के माग्छौ ?' उत्तरमा ब्रह्मा विंति गर्छन्-'नाथ ! अरूपीको बल्लो पल्लो रूप के हो ? कुन कुन शक्तिको सहारालेहजुर मनो माकुरोवत सृष्टि स्थिति संहार गर्नु हुन्छ ? अनुग्रहबाट

पत्पको प्रजा सृष्टिको सेवालाई विना आलस्य गर्न सकौं र त्यो कर्मले मलाई न बाँधोस् । प्रसखाको पदवीमा पुग्न कुनै हालतमा समर्थ थिइन तथापि सखाभावले हात समाई खिच्नुभो प्रभो ! अत्यन्त कृतार्थ भएँ, कहिं प्रजा विभाजन गर्न लाग्दा माद लागी आफै स्वयं स्वतंत्र ईश्वर बन्दै हजुरलाई भुल्दछु कि प्रभो ! यस्तो नहोस् । यही चार कुराको भिक्षा याचना गर्दछु।" भगवान् अब ब्रह्मालाई अनुग्रह गर्दै रहस्य र अङ्गले युक्त विज्ञान सहितको परम गुह्यज्ञान प्रदान गरी आज्ञा हुन्छ– अगाडि म थिएँ म भन्दा अरू सत्य असत्य केही थिएन । पछाडि शेष मै हुन्छु । बीचमा पनि जो विना मतलव नानात्व भान भैरहेछ त्यो मैमा भास परेको हो किन्तु म हैन । नभएको कुरा भान हुनु आभास र भएको कुरा ढाकिनु तम हो । यसैलाई तिमी माया जान । जस्तो सूर्यवाट प्रकाश र अँध्यारो हो सूर्यमा छैन । साना ठूला जीवहरूमा महाभूतहरू कार्यरूपले प्रवेश भएका र कारणरूपले नभएका हुन् त्यस्तै म पनि । जिज्ञासुले जान्नुपर्ने यतिनै हो । जो अन्वय व्यतिरेक द्वारा सर्वत्र सधैं विराजमान एवं प्रकाशमान छ । तिनीले यो स्मृति लिन सक्यौ भने यो कल्प या अवान्तरमा पनि मोह हुने छैनौ ।" यति भनी ब्रह्माको चित्त या ध्यानबाट प्रभु अन्तर्हित हुनु भो । एक दिन यिनै माया पतिको माया जान्न चाहना गर्ने परम भागवत रूप नारदले पितालाई खुशी पारी यो संहिता पाएका हुन् त्यही दश लक्षणले युक्त भागवत तिनै नारदले व्यासजीलाई र वहाँबाट मैले पढें राजन् ! अब म तदनुसार तिम्रो प्रश्नको उत्तर दिनेछु भनेर शुकले भने भन्ने कुरा यस० ।

## दशौं अध्याय

सर्ग, विसर्ग, स्थिति, पोषण, ऊति, मन्वन्तर, ईशकथा, निरोध मुक्ति, आश्रय यी दश लक्षण छन्। वेद एवं दर्शन शास्त्रहरूले दशौं पदवीको प्राप्तिलाई नौ लक्षणको बयान गरेको छ। आभास र निरोध जहाँ अवसान हुन्छ त्यो आश्रय एवं परमात्मा हो। आत्माको रूप आध्यात्मिक र त्यसको अंश आधिदैविक हो। जब यिनको परस्परमा विच्छेद हुन्छ, त्यसलाई आधिभौतिक भन्दछन्। अनुभवको हकमा चाँहि द्वैतको सर्वथा अभावमै एकमात्र जब याद हुन्छ, त्यसैलाई आत्मा या स्वानुभव भन्दछन्। अण्ड फुटी निकले पछि हजारौं वर्ष पानीमा बसेको हुँदा त्यो पुरुषको नाम नारायण रह्यो जो नै द्रव्य, काल, कर्म, स्वभाव, एवं समस्त जीवको अर्थात प्रजापति देखि लिएर कीट पतङ्ग प्रेत पर्यन्त जलस्थल आकाश अंतरिक्षका प्राणीमात्रको कारण हो। जसको चेष्टामैं समस्तजीव अनुगामी भएर चेष्टा गर्दछ। तिमीलाई यो स्थूल रूपको र विश्लेषण गर्न असमर्थ त्यो आदि मध्य अंत्य र मन वचन-देखि परको सूक्ष्मतमरूपको पनि बयान गर्‍यें किन्तु ज्ञानीहरू त यी दुवै रूपलाई ग्रहण गर्दैनन्।

समस्त जीवलाई जगद्धाता भगवान् धर्मरूपले धारणा एवं पालना गर्नु हुन्छ आखिरी कालाग्नि रूपले निग्रह पनि। राजन्! यो भावले मैले तिमीलाई परम प्रभुको स्मृति दर्शाएं। परन्तु तिमी कविहरूता यो स्थूलभावको मार्गबाट हेर्न इच्छा गर्दैनन्। अब म तिमीलाई पद्मकल्पका लीला सुनाउँछु भनी शुकले कथा स्थगित गरेपछि यता त्यस्ता छोडि नसक्ना कथालाई त्यागी विदुरजीले

कहाँ उद्धव एवं मैत्रेयलाई देखे? ती महात्माजीको चेष्टा वर्णन गर्नु होस् भनी शौनकद्वारा पुछिएका सूत कथाको आरम्भ गर्दछन् भनेर कुरा यस०।

द्वितीय स्कन्ध समाप्त भयो।

-:०:-

# अथ तृतीय स्कन्ध

## पहिलो अध्याय

जसले कृष्ण-विमुख छोराहरू बढाई आफ्नो आँखा छोप्यो एवं लाहको घरमा टुहुरा पाण्डवलाई जलाउने अनुमति दियो, जसले सभामा द्रौपदीको हुर्मत ली वनबाट फर्के पछि पनि अंश दिएन, जसका सभामा कृष्णको अमृतवाणीले पनि शोभा पाएन त्यस्तालाई विदुर नीतिले के असर पर्थ्यो? कर्ण दुर्योधनादिका मर्मभेदी वाक्बाणले पनि विदुरजी अधैर्य भएनन्। आफ्नो धनुलाई ढोकामा फ्याक्नुको साथ "प्रभुको माया हो" भन्दै भारत यात्रालाई प्रस्थान गरिदिए। जब अनन्तका भक्त एवं शंख चक्रादि चिह्न सुशोभित मन्दिरहरू देख्थे, तब उनी आफ्नो प्रिय आत्मा कृष्ण संझन्थे। हरिसंतोषको लागी अर्थात् 'म पूर्णछु, प्रसन्नछु' यो आदर्शलाई उनी अनन्य वृत्ति युक्त निर्वाण रहन्थे साथै सुत्नलाई क्षितिमै। घुम्दा घुम्दै जब उनी वृन्दावन यमुना जीको तटमा पुगेका थिए त्यसैबेला अचानक उद्धवजीसँग भेट भयो अनि गाढ

अंकमाल गरेर रामकृष्ण एवं वहाँहरूबाट सुरक्षित यदुवंशीको र पाण्डवको समेत कुशल समाचार सोध्दै भन्नलागे– 'उद्धवजी ! अजन्माले जन्म लीकन नक्कल गर्दै मानिसको आँखा छलेको देखेर पनि म वहाँको अनुपलक्ष पदवीको प्रसादद्वारा आश्चर्य रहित छु। सखे ! कुनै मतलबको निति यदुकुलमा जन्म लिने तिनै मायापतिको तीर्थरुप कीर्ति सुनाई मलाई अब शान्ति प्रदान गर्नुहोस्' भनी विदुरले उद्धव प्रति विनय गरे भंने कुरा यस०।

## दोश्रो अध्याय

यसरी सोधिएका भागवत वेदनायुक्त स्मृतिले चोट परे झैं भए। उद्धवजी बालकमा मात्रोको कृष्ण बनाएर पूजा गरी खेल्दथे, तल्लीनताले आनन्द बढ्नुको हेतु आमाले बोल उँदा उनी भात खान जाँदैनथे। आज तिनै कृष्णको सेवाले जीवन बिताई बृद्धाइँमा प्राप्त भैरहेछन्, कसरी उत्तर बाँडो दिन सकुन ? धेरबेर भावसमाधि भए उप्रान्त तल्लोतहमा बर्लेपछि उनी आँखा खोल्दै भन्नलागे– "कृष्णरुप रवि अस्ताइ श्री रहित भएका घरको के कुशल बताऊँ ? अहिलेका मानिस समस्त अभागी र त्यसमा पनि विशेष दुर्भागी यादव भए किन भने चातुर्य एवं पराक्रम आदिमा सर्व श्रेष्ठ भएर पनि माया-हत भएका छँदा जलको चन्द्रबिंबलाई मानो माछाले हामी समानकै ता होनि भनेर चिह्न नसके झैं ठगिए। विदुरजी ! जसले ग्रहण गरेमात्र गहनाले सुन्दरता प्राप्त गर्थ्यो। जसको अनुराग पाई व्रजवधूहरू अशेष कृत्य हुन्थ्ये। कारागारको जन्म, गोकुलको वास, अजन्माको यो कृत्यले चित्त खेद युक्त एवं वसुदेव देवकीसँग क्षमा माग्नेको संझदा हृदय छिया छिया हुन्छ। सखे ! तपाईंले राजसूयमा देखि हाल्नु भो, द्वेषी मोक्ष भएको। जुन पदवी को

जनिति योगीहरू लालायित छन। हेर्नुहोस, भारत युद्धमा पार्थको बाण द्वारा पवित्र भएको आत्मा, श्री कृष्णलाई हेर्दै त्यो पदको प्राप्त गर्थ्यो। त्यस्ताको गुण विसन को सक्छ? उग्रसेनको सामने खडामै हातमा लट्ठि लिएर वात्सल्य दर्शाएको र पूतनाको आत्मालाई शरण ली करुणारसको पराकाष्ठा दर्शाएको सँझदा कहीं कसैको आश्रय नगरौं जस्तो लाग्दछ। सखे! मता बट अतुरहरूलाई नै परमभागवत ठान्दछु किन भने हर समय डरैले होस् सहि तिनको चित्त श्री चक्रपाणी मै छ। मथुराको जन्म गोकुलको वृद्धि, वनको विहार, गौकोचारण, यमुनाको खेल, बाललीला मित्रै दुष्टको उद्धार, कालीय एवं इन्द्रको दमन, गोवर्धन पूजाको बहानाले द्रव्यको सदुपयोग, तथा मानो शरद्कालीन चन्द्रले संध्याको सत्कार गरेझैं शब्दब्रह्मले रसरुप-आत्माको सन्मान अर्थात् रासलीला, आदि यहाँका अद्भुत कर्महरू स्मरणीय छन भनेर उद्धवले भने भन्न कुरा यस०।

## तेस्रो अध्याय

दाउजीको साथ मथुरा आगमन, गुरुसेवा द्वारा विद्याउपार्जन रुक्मिणी आदि राज कन्याको साथ विवाह, प्रकृति विस्तारको लागी एक एक पत्नीबाट दश दश पुत्रको उत्पत्ति, कालयवन जरासन्धादि र मुर, शम्बरादिको उद्धार एवं युद्धको छलले पृथ्वीको भार हरण। इत्यादि अनवद्य चरित्र र अमृतमय वाणी एवं मुसक्यानको नजर द्वारा विश्वात्मा भएर पनि सांख्य एवं अनासक्त योगलाई दर्शाउँने प्रभु यदुवंशी लाई आनन्द प्रदान गर्नुको साथ संसारलाई वानप्रस्थको परिचय दिनु हुन्थ्यो। यसरी धेरै दिन

चित्त पछि वहाँले स्वयं प्रकृतिको मालिक एवं समर्थ भएर पनि कर्माधीन जीवहरूलाई पाठ पढाउँनको लागी विरक्तको नकल गर्नु भो। इशारा बुझ्ने मुनिहरूले श्राप दिए, त्यस पछि समस्त यदुवंशी-हरू प्रभास गएर सुन, चाँदि, पलङ्ग वस्त्र कंवल, गाई, घोडा, पृथ्वी आदि सर्वस्व भगवद् प्रीतिको निंति सत्पात्रमा प्रदान गर्दै शिर टेक्दछन् भन्ने कुरा यस०।

## चारौं अध्याय

माया मदिराले ज्ञान नष्ट भएका यादवहरू मानो आपसको रगडले वाँस जले झैं समस्त निर्मूल भएपछि भगवान् सरस्वतीको जललाई स्पर्श गरी पीपलको मूलमा विराजमान हुनुभो। शरणार्थिलाई हेर्ने हरिको आज्ञा 'बद्रिजानु' भन्ने हो। किन्तु पाउकमलको लोभी मैले मालिकको पिछा छोडन सकिन गएँ दर्शन पाएँ प्रशान्त लोचन युक्त बायाँउरू माथिको दायाँ पादकमल। त्यसै वेला व्यासका मित्र मैत्रेयजी पनि अचानक उहीं आइपुगे। काँध नु-हाई लाचारी दर्शाउनु आदि हामी दुबैको निर्मल भाव देखेर प्रेमको नजर डाल्दै भगवानले मलाई आज्ञा भयो– उद्धव! तिम्रो आन्त-रिक इच्छा मैले जानेको छु आदिसर्गमा ब्रह्मालाई जो दिएँ जसबाट नै मेरो महिमा प्रकाश हुन्छ त्यो भागवत अब तिमीलाई दिन्छु, प्रभुका वाणीले मलाई रोमाञ्च भयो आँखाबाट अश्रु बहे अनि अनुग्रहको भाजन मैले हात जोडि विंति गरें–प्रभो! जो पा-उको आश्रयी छ त्यस्तालाई चारै पदार्थ खाँचो हुँदैन परन्तु प्रभु म त पाउकै सेवा गर्न पाऊँ। बहैन प्रभो, अकर्मा भै कर्मगर्नु, परात्पर भएर संसारी बन्नु कालात्मा भएर स्त्रीहरू संग खेल्नु

इत्यादि देखेर के विद्वानको चित्त पनि भ्रान्तिमापर्दैन ? अर्को कुरा जसमा अवाध ज्ञान थियो त्यस्ताले खण्ड ब्रह्मको झैं भै मसंग बारंबार सल्लाह माग्नु यो के मोहनी होनि ? नाथ ! ब्रह्मालेपाएको त्यो एकान्तिक आत्म प्रकाश म पनि यदि लायक छु भने पाऊँ" भैले यसरी विन्ति गरे पछि प्रभुले आफ्नो स्थिति सब मलाई बताई दिनु भो, अनि म वहाँलाई प्रणाम गरी विरह वेदना युक्त भएको छँदो यता आइपुगे छु, विदुरजी तिम्रो दर्शनले आह्लाद र वियोगको दुःख पनि छ, अब म आराधनाको निंति बद्रि हिंड्दछु। शुक भन्दछन्-मित्रहरूको मृत्यु सुनेर अरू पशु झैं विदुर मोह भएनन्। यमुना पुलिनमा परम भागवतहरूका रात एकक्षण में विते ×। जानेवेला तपाईंले पाएको प्रकाश यदि म पनि योग्य छु भने दिनुहोस् किनभने विष्णुका भृत्यहरू आफ्ना भृत्यलाई कृतार्थ गर्दछन्। यो सुनेर उद्धवले भने, भगवान् धाम जाने वेला मैत्रेयलाई सूचन दिएको छ 'यो भागवत विदुरलाई दिनु' भनेर। यति भनी उद्धव हिंडेपछि विदुर प्रेमले विह्वल भै रुन लागे÷। कतिपय दिन पछि सिद्धहरुको साथ हरिद्वार पुगे। यता 'यत्रो यादव कुलमा उद्धव मात्र किन शेष रहे' भन्ने राजाको प्रश्न प्रति शुक भंदछन-भगवानले स्वगत विचार गर्नु भो-"म धाम गएपछि भागवत-धर्मको बीज रक्षा गर्न समर्थ अहिले उद्धव बिना कोही छैन त्यसकारण यी पृथ्वी मै रहुन्।" भनी उनलाई ज्ञानको बीजरुपमा छोड्नु भएको हो भन्ने कुरा यस०।

---

×जुन ठाउमा विदुर उद्धवको संवाद भो त्यस स्थानलाई अहिले वृन्दावनमा ज्ञान गुदडी भन्दछन्।

÷मित्रहरूको मृत्युले मोह न हुनु, भक्तको वयोगमा विह्वल भै रुनु यो सन्तको आदर्श हो।

## पाँचौं अध्याय

सुखको निंति मानिसहरु नाना कर्म गर्दछन् परन्तु न त्यो कर्मले तिनलाई सुख प्राप्त हुन्छ न ती दुःखको मूलरूप कर्मै देखि उपराम हुन्छन् । त्यस्ता कृष्ण विमुख भै अलमलिएका परम दुःखीलाई भक्ति पथमा लगाउन नै विष्णुका भक्तहरू पृथ्वीमा विचरण गर्दछन् । गुरु ! जीव त्यो बाटो हिंडे यो दुःखमा फेरि हिंडनु परोइन अर्थात् गुहाशय अकर्मीले देवता एवं गौ ब्राह्मण प्रति पालनको निंति गरेका अमृत-मय कर्महरू सुने जीवको समूल कर्मै नाश हुंदो हो त्यसकारण सानातिना कथाहरूले संतोष नहुने मेरो आत्मालाई समस्त रसको सारभूत कल्याणदायी कृष्ण कथा सुनाई ह्रावित गराई दिनोस् । रसिकले गाएको छ र सुन्नेले पनि श्रद्धै संग कानको नाडी द्वारा भित्र पुऱ्याएको छ भने त्यो कथारसले घरको स्नेह छिनाली अखंड हरिस्मृति रुपी सुख प्राप्त गराई दिन्छ । परन्तु अफशोस ता यो छ मानिसको आयु यो सुख विना वेकार विती रहेछ ।" यसरी अच्युत भावले शुद्ध विदुरबाट सोधिएपछि विदुरलाई मानर्दिदै मैत्रेय बोल्दछन, विदुर जी, तपाईले जानीवुझी कन पनि लोक कल्याणको निंति साह्रै बढिया कुरा सोध्नु भो, व्यासको वीर्यमा हरिको अनन्य भाव हुनु कुनै आश्चर्य जनक कुरा ह्वैन । तपाई माण्डव्यको शाप द्वारा सत्यवतीको नाती भएर भगवलीला सुन्न चाहने यमराज-लाई मैले चिनें । सुन्नुहोस्- पहिले एकमात्र भगवान् हुनुहुथ्यो, वहाँलाई दृष्य हेर्न मन लाग्यो माया खडा भइन् तीनबाट महत्तत्व र क्रमैले देवताहरू सृष्टि भए किन्तु आधार सूत्र विना भिन्न भिन्न रहनु पर्दा सेवा बन्न सकेन र ती देवताहरू परम प्रभुको स्तुति यसरी गर्दछन् । "शरणागतको त्रितापलाई छातारूप भएको एवं तीर्थरुप त्यो पादारविन्दलाई हामी प्रणाम गर्दछौं । श्रद्धा एवं

भक्तिले निर्मल भएको आत्मा ज्ञान वैराग्य रुपी पखेटाद्वारा मात्र छुन बाटो उड्न सक्दछ, जो नै संसारको सृष्टि स्थिति संयमको निधान एवं संझनेको निति अभय स्थान हो, त्यो तुरीय पदलाई हामी नमस्कार गर्दछौं। देह गेहादिमा म, मेरो भाव न हटेकालाई र वलवति प्रकृतिलाई समाधि योगद्वारा जितछु भनी सेवा देखि वञ्चित भएकालाई दुर्लभ, एवं कथारुपी सुधा द्वारा वृद्धि हुँदै गएको भक्ति योगले अन्तस्करण उज्यालो गराएकालाई प्राप्य त्यो पादकमलमा हामी फेरि पनि नमस्कार गर्दछौं । प्रभो ! अनुग्रहले कुन कार्यलाई सृष्टि भएका व्हौं त्यो गर्न सकेनौं नाथ ! शक्ति प्रदान गरी बक्सनु होस्।' भनेर देवताले विंति गरे भन्ने यस०।

## छैटौं अध्याय

चेतनाको रुप लिएर जब ती तत्वहरूमा ईशले प्रवेश गरेथ्यो त्यसवेला विराट्को उत्थान भयो। यही विराटको शरीरमा बुद्धि हृदय मन चित्त, आँखा ताछु, कान, हात पैर बने औ त्यस त्यस अवयवमा इन्द्रियको साथ देवताहरू पनि प्रवेश भए । विराटको शिर स्वर्ग, नाभि अन्तरीक्ष, पाउ पृथ्वी हुन्। विराटको मुख, हात उरु पाउबाट क्रमैले वृत्तिहरूको साथ चारवर्ण उत्पन्न भए। विदुरजी! ज्ञानीलाई पनि मोह पार्ने योगमायाको वल यथार्थ जान्नता को सक्छ र ? तथापि जसरी सुनेको छु बुद्धि अनुसार हरिको कीर्ति गाउँनेछु किनभने वचनको एकान्तिक सफलता नै यही हो कि हरिकीर्तन गर्नु। अब म त्यो परम प्रभुलाई प्रणाम गरी यो प्रसङ्ग-लाई समाप्त गर्दछु- जसको स्थितिलाई पाउँन नसकी मन वचन सहितका अधिष्ठाता देवताहरू पनि फर्कन्छन् । भनेर मैत्रयले भने भन्न कुरा यस०।

## सातौं अध्याय

स्वभावैले तृप्त अविकारी आत्मालाई बालक झैं अनासक्त

हो भनी उपमा दिनलाई बालक पनि खेलने खाने चेष्टा गरी नै हाल्ने एवं दोस्रोबाट सुख लिन खोज्ने हुनाले राम्रो युक्ति सङ्गत भएन अर्को कुरा देश काल अवस्था देखि परको आत्मालाई मायाले कसरी कार्यमा प्रवृत्ति गराइन ? फेरि सब क्षेत्रमा परिपूर्ण त्यो आत्मा दुःखी अभागी कसरी हुनगो ? इत्यादि अज्ञान- सङ्कटमा परेको मलाई बुझाई दुःखबाट पार गराई दिनोस् ।" विदुरको प्रश्नले श्री संकर्षणको संझना गर्दै मैत्रेय मुसुक हाँसेर भन्दछन, विदुरजी ! यसैलाई माया भन्दछन्- जसको रुप यस्तो छ, स्वप्नामा आफ्नो शिर काटिएको देखिनु या प्रति घडामा चन्द्र बिम्बको भान पर्नु । यो मायालाई विना भक्तिको केवल शुष्क तर्कले जान्निने व्हैन । जहाँ सम्म इन्द्रियहरू आत्माको साथ मानो सुषुप्तिमा झैं लय हुंदैनन् अर्थात् अनन्य हुदैनन् तहाँ सम्म समस्त दुःख कसरी नाश होला ? विदुरजी ! त्यसकारण तिमी मुरारिको गुणानुवाद द्वारा समस्त वृत्ति एकत्रित गरी अन्तर सुख गराऊ, प्रेममा सुख खोज्न कहिं जानुपर्दैन । सन्देह साथ विदुर भन्नलागे- जो साह्रै सरल छन्, किन्त तिनै सुखी रहेछन् कि त सबै कुरा जान्नेहरू । मैले त बीचका हामीलाई साह्रै दुःखी ठानें । गुरु ! भगवद्-भक्तको सेवा विना आत्मामा प्रेम र स्वल्प तपस्याले भागवतको बाटो दुरापा छ । मुने ! म हजूरको पाउ परेको छु- मलाई फेरि पनि प्रजापति एवं मनुहरूको परम्परा र निस्काम कर्म, योग, तपस्या, दान पाखण्ड पथ आदिको विवरण सुनाई कृतार्थ गराई दिनोस् । किन भने अनुव्रति शिष्य एवं पुत्रलाई दीनवत्सल गुरुहरू सोध्न नजाने पनि सबै भनी दिन्छन् म हजूरको शिष्य एवं मित्र पनि हूं मायाबाट हत हुंदा मुखैं पनि छु गुरु ! जीवलाई अभय पदको मार्ग हिंडाउनु देखि संसारमा ठूलो उपकार के छ ?" यसरी कुरु प्रधानबाट पुछि-

एका मुनिप्रधान हर्ष भएर भगवद्-कथा आरम्भ गर्दछन् भंने कुरा यस०।

## आठौं अध्याय

मैत्रे भन्दछन्- सज्जनसेवी पुरुवंशीमा अजितको कीर्ति पद पद्मा नयाँ अनुभव हुनु आश्चर्य व्हैन। साना सुख रुपी दुःख देखि निवृत्त हुनाको लागी एकदिन सनकादिहरू निज पदवी अर्थात् तुरीय स्थितिमा विराजमान साक्षात परम प्रभु भए ठाउँ आई आकाश गंगाको जलले निश्चक जटा सहितको शिर श्री चरणमा राखेर परम तत्वको दर्शनलाई इच्छा प्रकट गरे। त्यसवेला नागराजका कन्याहरू कमलको फूलमा प्रेमको विधानले नाथको पूजा गर्न लागेका थिए। यता प्रेममा विभोर भै जब अनन्त भागवतका पदहरू छुटाउनु हुन्थ्यो सनकादिहरू थाह पाउँदथे- अथवा अझ यसो भनौं-"चतुसनहरू प्रभुको रहस्य मय स्तुति स्नेहको मादकताले जब वडवडाउन लाग्दथे त्यसवेला पद पद्मा उनीहरूको पदस्खलन हुन्थ्यो यो कुरा उनीहरू आफैलाई र परमात्मालाई पनि ज्ञात हुन्थ्यो।

नाना मणिमयकिरीटले सुशोभित नाथका हजारौं उद्दाम फणाको दर्शनले चतुसनहरू निहाल भए। यस्तो नाथको मुखारविन्दबाट भागवत प्रथम सनकादिले पढेकाहुन उनबाट सांख्यायन र तिनबाट पराशर एवं बृहस्पतिले पश्चात् परासरबाट मैले पाएको हुं प्राकृतिक प्रलयको वेला शेषस्थित हरि दाउराले दाह शक्तिका साथ अग्निलाई आफूभित्र लुकाए झै आफ्नो उदरमा राखेको विश्वलाई जब आरम्भको वेला देख्नु हुन्छ अनि नाभि प्रदेशबाट पद्मकोशका साथ साथै ब्रह्माजी उत्पन्न हुन्छन्। जब कर्णिका स्थित उनी लोक हेर्ने इच्छा द्वारा चारैतिर घुमेकाथिए तब दिशे पिछै चार मुख बन्यो। त्यसपछि उनी आफ्नो अधिष्ठान र

समस्त वेहोरा जान्ने इच्छाले कमल डाँठको सहारा द्वारा अपार पानीको धेरै तल पुगे किंतु पत्ता नलागी आफ्नो निवासस्थानमा आई आराधनामा लाग्छन। धेरै कालको उपासनाल चित्त निर्मल भएपछि आफ्नो अन्तस्करणमा नै हजारन फणा माथिको रत्न-कान्तिहरूले प्रलयकालिन पानीलाई प्रकाश गराउने गौर मूर्ति संकर्षणको आधारमा शयन गर्ने अद्भुत शृंगार युक्त एक महा पुरुषको दर्शन ब्रह्माले पाए जो यो भंदै। पहिले पाएको थिएन। साथै सूर्य, चन्द्र, आकाश, वायु, पानी आदिको पनि। पश्चात् उनी प्रभुको स्तुति गर्दछन् भंने कुरा यस०।

## नवौं अध्याय

जलको अनवद्य पदवी कोही जान्दैन, जो नै सदा सर्वदा तम हटाएकालाई अनुग्रह गर्नाको निंति हुने अवतारको वीजरुप हो। त्यो प्रभु आज धेरै कालको आराधनाले जान्नुमा आइरहेछ। बिधाता-बाट हत भएका नरक भागीहरूका कुसङ्गतले यस्तो प्रभुलाई पनि अनादर गर्ने कुनै इन्द्रिय पुष्टको लागी कुसंगत काम गर्दै हिड्द-छन् कुनै नित्य भोक प्यास शितोष्णादिले सताइएर पनि प्रभुलाई नसंझी दन्दनाएको कामाग्निलाई शान्त गराउन असमर्थ भएर छटपटाई रहन्छन्। एक थरी कर्मिष्ठहरू इन्द्रिय सुखको लागी परिश्रम युक्त ठुलो कर्म गरेर पनि कर्म निर्मित संसारबाट पार हुन नजानी व्यर्थै कर्मजालमा परिरहेछन्। कुनै चाहिं इन्द्रिय आदि जितेर ऋषिता भएकाछन्, तर बासना राग्रो नभुटिएका छंदा भक्तको सङ्गत प्राप्त गर्न नसकेर संसारमा चकर काटी रहेछन्। यो विचल्ली देखेर मेरो मन अति दुःखित छ।

नाथ! आत्मरुप हजूर प्राणीमात्रमा दयाको भाव दर्शाउने प्रति खुशी हुनु हुन्छ भंने कुरा र कस्तै घमंडीको पनि बाँच्ने आशालाई

बलवान् कालरुप हजूर धुल्याई दिनु हुन्छ भन्न कुरा तिनलाई थाहै छैन। त्यो परम प्रभु देखि म पनि भयभीत छु त्यसलाई प्रेमपूर्ण नमस्कार छ। नाथ! जसको हृदयमा भाव छ त्यस्ता भावुकका भाव कमलमा हजूर खिल्नु हुन्छ; अर्थात् भक्त जुन भावले भावना गर्छ त्यही अनुरुपको बनी कृतार्थ गराउनु हुन्छ। हजुरले अवतार लिँदा परेका नाम प्राण छोड्ने वेला विवश भएर पनि उच्चारण गऱ्यो भने जीव अनेक जन्मको पाप नाशी सहसा हजुरको पदवी प्राप्त गर्दछ। नाथ! म त्यो पदवीलाई फेरि पनि प्रणाम गर्दछु। प्रभु! अब हजुरको नयन-कमल केही खुले झैं छ नाथ! जागा होइ बक्सियोस् र प्रेमको मुसक्यान दी मीठो बोलीले मेरो विषादलाई हटाई बक्सियोस्।" ब्रह्माको स्तुतिले खुशी भै उनको कल्मल नाशको निति नाथ आज्ञा हुन्छ। ब्रह्मन्! तिम्रो चित्त अझ राम्रो निर्मल भएको छैन मेरो पूर्ण ओत ली फेरि आराधना गर अनि मात्र मेरो अविनाशी पद देख्ने छौ, साथै रजोगुणले छुन सक्ने छैन। तिमीले मलाई जान्यौ र निर्गुणलाई गुणको भावले स्तुति गऱ्यौ म खुशी भएँ हेर- यज्ञ, दान, योग, समाधि एवं चित्त निरोधको एकान्तिक लाभप्रेम हो। म आत्माको आत्मा, प्रेमीको प्रियमत हुनाले आफ्नो देहादिमा गरे झैं अर्थात् तिम्रो जत्ति मात्रामा देहादिमा स्नेह छ त्यत्ति मेरो प्रेम गर भनी भगवान् उनको चित्त बाट हट्नु भयो भन्ने कुरा यस०।

## दशौं अध्याय

भगवानको आज्ञानुसार दिव्य सयवर्ष आराधना गरे पछि कालको वेगले बहेको वायु र त्यसद्वारा उर्लेको पानीले कमल डाँठ हल्लनुको कारण ब्रह्मालाई गिन डर भैसकेको थियो किन्तु भगवद्-अनुग्रहद्वारा निश्चल स्थिति प्राप्त भयो र चित्

ज्ञानको बलले त्यो विघ्न देखि उनी सुरक्षित भए अर्थात वायु सहितको जललाई निल्ने शक्ति पाए । यसपछि जो आकाश व्यापी कमल थियो त्यसलाई हेर्दै ब्रह्माजी विचार गर्दछन् पहिले लीन भएका लोकहरू यहीं भिन्न छन्, तब उनी पद्मकोषको अंतरमा प्रवेश गरी कमल डाठलाई सात चिरा र त्यसलाई पनि दुई दुइ चिरा गरी फोरे अर्थात चौदह भुवन निर्माण गरे । यसपछि काल संज्ञा लिएको बहुरुपी हरिको लक्षण जान्न चाहना गर्ने विदुर प्रति अव्यक्त मूर्ति अपरिछिन्न कालको आधारमा विष्णुमायाद्वारा परिछिन्न प्राकृत वैकृतादि भेरे किसिमका सृष्टिको बयान जो देवता देखि लिएर मानिस, पशु, पक्षि, वनस्पति लता, भूत, प्रेत पिशाच संमको उत्पति संबन्धी विवरण गरे भन्ने कुरा यस० ।

## एघारौं अध्याय

जसको दोश्रासँग योग हुनु संभव छैन । त्यसलाई परमाणुर दुइ परमाणुको एक अणु, तिन अणुको एक त्रसरेणु हुन्छ, जसको नापो जाली पर्दा भित्रको सूर्य किरणमा दौडने धूलोबाट लिइन्छ, जो आकाशबाट पृथिवीमा खस्नै सक्तैन । तीन त्रसरेणु पार गर्न सूर्यलाई जति समय लाग्छ त्यसलाई त्रुटि र शयत्रुटिको 'वेध' तीनवेधको एक लव हुन्छ । तिन लवको निमेष र तिन निमेषको क्षण हुन्छ । पाँच क्षणको एक काष्ठा र पंध्र काष्ठाको एक लघु हुन्छ । पंध्र लघुको एक नाडि र दुइ नाडिकाको एक मुहूर्त बन्दछ । दिन घटबढको हिसाबले ( दिन रात दुइको संधिका दुइ मुहूर्तलाई छाडी ) छः या सात नाडिकाको एक प्रहर या याम हुन्छ । छःपल तामाको एक प्रस्थ जल अटाउने पात्र र चार मासाको सुनको चार अंगुल लामो सियो बनाई त्यो पात्रमा छिद्र बनाओस् र पानीमा डुबाई देओस् । जतिबेरमा त्यो पात्र भरिन्छ त्यति

समयलाई नाडिका भन्छन् । आठ: प्रहरको अहोरात्र हुन्छ पंध्र अहोरात्रको एकपक्ष हुन्छ जो शुक्ल एवं कृष्ण गरेर दुइ विभागमा छ । ती दुइको समुच्चालाई मास-जसलाई पितृको एक दिन भन्दछन् । हाम्रो दुइ मासको एक ऋतु र ६ मासको एक अयन हुन्छ-जो दक्षिण र उत्तर दुइ विभागमा छ । यी दुइको समुच्चय-लाई वर्ष भन्दछन् । यस्तो शय वर्ष मानिसको आयु हो । गुणमय बनेर काल संज्ञा लिएका भगवान्को लीला मैले तिमीलाई बखान गरें विदुरजी? हामीले यहाँलाई निरन्तर संझी समय विताउँनु पर्दछ। हिरण्य गर्भ दिन भरी सृष्टि संबन्धी व्यापार गरी रात्री समस्तलाई लिएर सुतदछन् । उनको एक दिनमा चौदह मनु र चौदह इन्द्रहरू बदला हुन्छन् । त्यसैलाई एक कल्प या नैमित्तिक प्रलय भन्दछन् । यसपछि कालको संख्या लिन खोज्ने विदुरलाई चार युगको र संध्यांशमा पर्ने अन्तर कालको समेत नापो बताई प्रलयको वेला जब श्रीमान्शेषको मुखारविन्दबाट निक्लेको आगोले तीन लोक डढाउँदै जाँदा तातो सहनलाई असमर्थ भृगु आदि महर्षिहरू महर्लोक देखि जनलोकतिर दगुर्छन् यता पानी माथि अनन्तासन हरि योग-निन्द्रामा शयन गर्नु हुन्छ त्यसै वेला ब्रह्माजीको आयु पूर्ण हुन्छ । उनको आधा-आयुलाई परार्ध र पूरालाई द्विपरार्ध भन्ने गरेको छ, जो अकाल पुरुष अनन्तको मानो एक निमेष हो । यो ब्रह्माण्डकोष पचास कोटि योजनको छ, जसको अन्तरगत कोटियन अंडराशीहरू पाइन्छन् । ती समस्तको मूल कारण अर्थात् आत्मा विष्णुको धाम हो भने कुरा यस० ।

## बाह्रौं अध्याय

काल नाम लिने परमात्माको महिमा मैले भनें, अब विधिले अरी सृष्टि गरे त्यो सुन । पहिले अन्धतामिस्रादि अज्ञानका

वृत्तिहरूसृष्टि भएपछि ब्रह्मालाई संतोष लागेन भगवानको ध्यान रुपी शुद्ध भाव द्वारा सनकादि जन्मे, किंतु मोक्षधर्मी वासुदेव परायण हुनुको हेतु जब उनीहरूले सृष्टि कार्यलाई अनुमोदन गरेनन् तब ब्रह्माजीमा दुर्विषह क्रोध संचार भएर आयो, जसलाई उनले निग्रह गर्न सकेनन् र तत्कालैमा रुद्र जन्मे त्यसैले उनको नाम सद्योजात रह्यो । उनी रुँदै पिता प्रति भन्दछन्– मलाई नाम वक्सनु होस् साथै स्थान पनि, ब्रह्माले भने–रुनाले तिम्रो नाम रुद्र भयो, स्थान चाही सूर्य, चन्द्र अग्नि, आदिमा बस्नु, अंबिका इरावती आदि शक्तिको सहारालै अब तिमी सृष्टि बढाउ।' यो आदेश पाएपछि भएको उल्वण सृष्टिबाट चारै दिशा डढन लागेको देखि त्यस कार्यबाट हटाउनको साथ परमज्योति प्रकाशको उपासना गर्नाले सजिलै संग सर्व गुहाबासको अनुभव हुने संकेत गरी शिवलाई आराधनाको निति पठाएपछि ब्रह्माजीले अङ्ग प्रत्यङ्ग देखि ऋषि प्रजापतिहरू र बचनबाट सरस्वति सृष्टि गरे, परन्तु अकामी सरस्वती उपर अज्ञान वश कामना उठेको अर्थात् आफ्नो वाणी जालमा आफै फस्न आँटेको देखी मरिचीहरूबाट संकेत र साथै ज्योति रुपको पुकारा भए पछि प्रायश्चित्तलाई ब्रह्माले त्यो शरीर छोडे, जसलाई दिशाले अनुमोदन गर्नुको कारण पश्चात् नीहारको रुपमा परिणत भयो । त्यस पछि वेद इतिहास पुराणको साथ बाजपेयादि यज्ञ र वृत्तिका साथको आश्रम धर्महरू सृष्टिभए जो सोह्र रुपमा विभाग छन् । सावित्र, प्राजापत्य, ब्राह्म, बृहत यो ब्रह्मचारीको भेद हो । वार्ता, संचय, शालीन, शिलोञ्छ यी चार गार्हस्थको भयो । वैखानस, वालखिल्य, उदुम्बरा, फेनपा यति वानप्रस्थको हो । कुटीचक, वव्होद, हंस निष्क्रिय यी चारथरी संन्यासी हुन् । यसपछि सात छन्द एवं मध्यमादि सात स्वरहरू

सृष्टि भए। यति हुंदा पनि ब्रह्मालाई संतोष छैन उनी ध्यान गर्न लागे अनि उनको शरीरबाट प्रजावृद्धिको लागी मनु, शतरुपा उत्पत्ति भएर मिथुन धर्म द्वारा दुइ पुत्र र तीन पुत्रीहरू पैदा गराए भन्ने कुरा यस०।

## तेह्रौं अध्याय

'पत्नी पाएपछि स्वायंभुवले के गरे?' यो विदुरको प्रश्नबाट सङ्कर्षणको स्मृतिले रोमाञ्चित मैत्रेय भन्दछन्। जन्म र वृत्ति दिने हजुरको हामी के सेवा गरौं? भन्ने मनुलाई ब्रह्माले भने–आफू समान सन्तति बढाई यज्ञले हरिको भजन र कर्मले प्रजा पालन गर। जसले प्रभु प्रसन्न हुन्न त्यो आत्माको अनादर हो।' मनुको–"प्रभो! अहिले पृथ्वी पानीमा डुबेकी छन् तिनको उद्धार हुनु आवश्यक छ।" यो स्तुति सुनेका विधिले हृदयेशको ध्यान गरे, नासिकाबाट सहसा अंगुष्ट प्रमाणको वराह–शिशु निस्क्यो र हेर्दा हेर्दै हात्ती समान भयो। ब्रह्मादि मिमांसा गर्दै थिए आफ्नो परिचयको साथ यज्ञपुरुष दिशा थर्काउँदै गर्जनुभो, देवता हर्षभए, जन तप सत्य-लोक निवासीहरू पवित्र लीला ग्रहण गर्न लागे।

बादल र पानीको भवरीलाई पन्जाखुरले फाँदै प्रभु रसातल पुग्नुभो जहाँ पृथ्वी धसिएकी थिइन् झट्ट बोकी आउँदा हिरण्याक्षसँग मुकाबिला भै चक्रले त्यसको उद्धार गरी प्रभु माथि सवारी हुन्छ सेतो दाँतको टुप्पामाथि पृथ्वी ली हात्तीको लीला गर्ने हरिको ऋषिहरू स्तुति गर्छन्–जसका रोमहरूमा यज्ञहरू टम्मछन् ती कारण सूकरलाई हाम्रो नमस्कार छ। आज कसलाई विश्वास थियो कि रसातल पुगेकी भूमिको उत्थान हुन्छ। आश्चर्य! तर उ निर्मित्त विश्व नै आश्चर्य मय छ, फेरि त्यसको अगाडि यो के आश्चर्य? नाथ आज हामी हजुरका शिरमा रहेको शिखाबाट झरेका कल्याण-

दायी बूँदले अत्यन्त पावन भयाँ, माया मोहित जगत अपार प्रभुको पार पाएँ जो भन्छ त्यो भ्रष्टमति हो।" यो स्तुति सुन्दासुन्दै प्रभु आफ्नो खुरले पानी स्तंभित गराई पृथ्वी स्थापन गरेर धाम सवारी भयो। विदुरजी! यो कथा श्रद्धाले सुने आत्मा प्रसन्न हुन्छ, यसो भए त्यसलाई कुन कुरा खाँचो? जो यस्तो रसायनलाई कान रूपी अञ्जलीबाट पान गर्न खोज्दैन। त्यो नरेतर अर्थात् दैत्य हो, भनेर मैत्रेयले भने भन्ने यस०।

## चौधौं अध्याय

लीला रसले तृप्त न भै, दैत्यराज संगको युद्ध विवरण सुन्न चाहना गर्ने विदुर प्रति मैत्रेय भन्दछन्– विदुरजी! मृत्यु पाशलाई छिनाल्ने कथा तिमी सोधी रेछौ यो साह्रै साधु कुरा हो। एकदिन दिती, कश्यप भए ठाउँ आई गार्हस्थ्यमा स्त्रीको आवश्यकता परिचय दिँदै, पुत्र कामना गर्ने ठूलो आग्रह प्रकट गरिन्। किन्तु सन्ध्याको र सन्ध्यामा चर्ने शिवको यथार्थ रूप दर्शाई कश्यप कार्यबाट अलग हुन खोजे, किन्तु साह्रै ढिपी पर्दा दैव विधान र परम ज्योतिलाई नमस्कार गर्दै उनले दितीको मनोरथ पूर्ण गर्ने पऱ्यो। पछि पत्नीले पश्चात्ताप पूर्वक शिवको स्तुति गरे उपरान्त प्रजापति भन्दछन्– मुहूर्तको दोषले गर्दा छोराहरू अधम र पश्चात्तापको फलरुप नाती अच्युत– शत्रु एवं अलम्पट हरिभक्त हुनेछन्। जसको निर्मल यश मानो संसारमा भगवानको झैं फैलिने छ।" छोराहरू हरिको हातबाट उद्धार हुन्छन् भन्नेर नातीको बखान सुनेकी महामना दिती अत्यन्त प्रसन्न भइन् भने कुरा यस०।

## पंध्रौं अध्याय

मैत्रेय भन्दछन्– दिती गर्भका तेजले तातेका देवताको दुःख

सुनेर ब्रह्माजी भन्दछन्– एकदिन अमलात्मालाई हेर्न इतर लोकमा स्पृहा नभएका मेरा मानसपुत्रहरू वैकुण्ठ गए जहाँ विगतकुण्ठ अर्थात् संकुचित भाव रहितका मुक्त पुरुषहरू आदिपुरुषको हेतु रहित भक्ति गर्दछन् । एवं जसको एक भागमा समस्त ऋतुको श्री ले प्रकाश पाएको नैश्रेयस वन छ । जसमा ललनाहरूले गरेको हरिकीर्तनको साथ सारस हाँस चखेवाहरूका कोलाहलको विराममा भमराको उँचो स्वर सुन्नामा आउँछ । वाटिकामा फुलेका एवं अर्पण भएका पारीजात मन्दार आदिको महकले त्यो वेला सम्म आफ्नो इज्जत एवं शोभा पाउँछ जहाँ सम्म तुलसीको माला अर्पित हुँदैन। अनि तिनीहरू तपस्वी तुलसीलाई मान दिन थाल्दछन् ।

रुपीणी श्री ले नूपरको झन्कार दिँदै आफ्नो चाञ्चल्य भाव छोडेर लीला कमल द्वारा हरि वस्ने घरलाई शुद्ध पारेको हो कि भने झैं मणिमय स्फटिकमा त्यो प्रतिविम्ब झल्कन्थ्यो । नाना शृङ्गार युक्त निजवनमा जव उनी प्रवेश गर्दथिन् विमल तलाउमा आफ्नो अलकावलि आदि शृंगार युक्त मुखको प्रतिविम्ब हेर्दै, 'यो भगवानको वस्तु हो ' भनेर सन्मान गर्दथिन्। कोही धर्मात्मा चाहे तत्वज्ञानी हुन् यदि प्रभुको भक्ति ए ' कथा विमुख छन् भने । त्यस्तालाई यो पदवी दुर्लभ छ । हरिकीर्ति गानद्वारा अनुराग बढी जसमा रोमाञ्च आदि गुण देखिन्छन् त्यस्तालाई यो पदवीको अधिकार छ। विश्वका एक मात्र वन्दनीय धामको छ कक्षा नाघेर सनकादि साताँमा पुगे, गदादिले सुशोभित दुइ देवता तिनीहरूलाई रोक्छन् । मित्र दर्शन भङ्ग भएका मुनिको आँखामा, कामानुजले अवसर पाए, लाली चढ्यो र भन्दछन्– जहाँ विषमता र विग्रह छैन, वहुत शङ्काको कुरा छ, त्यहाँ कपटीहरू कसरी आइपुगे ? महाकाशमा आकाश झैं आत्मामा आत्मा झैं जसको पेट भित्र कुनै

अन्तर छैन त्यस्ताको घरमा, देवताको रुप लिएका उदरभेदि कहाँ बाट आइलागे अब जसरी यिनले हामीलाई अन्तर भेदले हेरेथे, त्यसै गरि यिनलाई पनि तीन अन्तर परोस ।"

यतिकैमा ब्रह्मको हेलन जानेर परमहंसहरूले खोजिएको पदवी ऐश्वर्यका साथ आइपऱ्यो । आइपुग्नु अगाडि हाँसको शोभाले युक्त चवँर पंखाबाट निक्लेको कल्याणमय वायु, एवं सेतो छाता बाट झरेको अमृत बूंदले उनलाई स्पर्श दिएको थियो ।

गलाको चूडामणि, गरुडका काँध माथिको एक र घुमेका कमल सहितको दोश्रो हात एवं तिमीहरूको, मेरो, शिवादिको भजनीय अङ्ग अर्थात् योग मार्गले प्राप्त हुने पदवीलाई देखेर बालकहरूका आँखा तृप्ति भएनन् अनि भन्दछन्- तीव्र भक्तिद्वारा ग्रन्थि छिनाली ओतमा रहेका रसज्ञहरुलाई जान्नमा आउने परमतत्व जो हो त्यस्ले आज प्रेम संचारलाई सत्वगुणको मूर्ति लिएको जान्यौं र बरदान माग्दैछौं- यदि हामीहरू नरक गयौं भने पनि भवंरा झैं हजुरको पदपद्ममा रम्न पाऊँ साथै आँखाले अङ्घ्रिशोभा हेर्न र कानले गुण सुन्न पनि । भनेर सनकादिले नमस्कार गरे भने कुरा यस० ।

## सोह्रौं अध्याय

भगवान् आज्ञा हुन्छ- ब्रह्मन् ! यी मेरा पार्षदबाट परम ब्रह्मरुप तपाईंहरूको जो अपहेलना भो त्यो म बाटै हो क्षमा पाऊँ । मेरो अमृतमय यश श्रवण रुपी नदीमा अवगान गरे कुकुर खाने चमार तक्कालैमा पवित्र हुन्छ । जसको एक लव प्रसाद पाउँन देवताहरू नाना भाँतिको साधन गर्दछन् त्यस्ती लक्ष्मी अत्यन्त विरक्त भएको मलाइ छोडन सक्तिनन् । यो सब वैभव मैले तपाईंहरूकै अर्थात् ब्रह्मकै सेवाबाट पाएको हुँ । जसका पाउको रज धारण गर्नाले म जगत् धारण गर्न समर्थ छु एवं मेरो पाउको जलले शिव सहित समस्त लोक पवित्र हुन्छन् । त्यस्ता, जगतलाई चित्तमा

धारण गर्ने ब्रह्मवादीहरूको मुखमा आहुती गर्दा जति म विश्वात्मा चाँडो तृप्त हुन्छु त्यति अग्निमा होम गर्दा हुन्न। जसले गाई ब्रह्मवादी एवं शरण विनाको अनाथलाई भेद बुद्धिले हेर्दछ त्यस्ताको आँखा यमको दर्वारका गिद्धले निकाली दिनेछन। जसले ब्रह्मज्ञानीहरूलाई मेरो भावले पूजा गर्दछ अथवा प्रफुल्ल मुखद्वारा अनुरागले बोल्दछ त्यसले मलाई खरिद गऱ्यो अर्थात् उ संग म बिकें।"

सुन्दा सानो तर अति रहस्य भरिएको भगवानका वाणीले उनका कान तृप्त भएनन्। पारमेष्ठ्यको ऐश्वर्यले क्षोभ भएका सनकादिहरू विनम्र स्तुति गर्न लागे-"प्रभो! हामीलाई हजुरले अनुग्रह गरी बक्सेको मात्र हो, हामी ता भन्दछौं सर्वेश्वर हजुरको अनुकम्पा बिना कोही सनातनको रक्षा गर्न, मृत्युबाट पार हुन सक्तैन प्रभो हामीले पार्षदलाई जो श्राप दियौं त्यो उचित अनुचित के पऱ्यो? हजुरबाट सुधार अवश्य गरिबक्सनु पर्दछ।

भगवानले आज्ञाभो-जो भएको छ सब ठीक छ अर्थात् मेरो अनुकूल छ।" प्रणाम गरी सनकादिहरू गएपछि भगवानले जय विजयलाई आश्वासन दी भित्र प्रवेश गर्नु भो। उनीहरू हरिलोकबाट झर्दै अहिले दिती गर्भमा प्रवेश भइरहेछन्। देवता हो! अब यसमा मेरो तिम्रो के लाग्दछ? जसले यो लिला हेर्ने मन गऱ्यो त्यही त्रिलोकपतिले अवश्य कल्याण गर्नेछ, यसो ब्रह्माले भनेको कुरायस०।

## सत्रौं अध्याय

ब्रह्माजीबाट सान्त्वना पाएका देवताहरू स्वर्ग फर्के। यता दितीबाट गगनचुंबी शिरले युक्त दैत्यहरू जन्मे पछि आकाश पाताल अन्तरिक्ष सबतिर पृथ्वी कम्प हुनु, गुँडबाट चराहरू र हवा बिना वृक्षहरू पतन हुनु आदि ठूला ठूला उत्पात हुन लागे जो देखेर कुनै भन्नलागे-यो प्रलयको नमुना हो। हिरण्यकशिपु र हिरण्याक्ष यमा एक गर्भका जेठा र अर्का जन्मका जेठा थिए। ब्रह्माको बरदान पाई यता

कशिपु स्वर्गमा छन् उता हिरण्याक्ष वरुण लोक गएर हाँक दिन लागे। उत्तरमा वरुण भन्दछन्– म वृद्ध एवं शिथिल छु। तिमीलाई योग्य योद्धा पुराण पुरुष देखि अरू होलान् जस्तो मलाई लाग्दैन। यदि तिमीले उनलाई भेटायौ भने उनको अगाडि तिमी कुकुरले घेरिएका छंदा वीरशय्यामा सुत्नेछौ। तिमी जस्तै मात्तिएकालाई शान्त गर्न बराबर त्यसले रूप लिने गरेको छ। भनी वरुणले उत्तर दिए भन्ने कुरा यस०।

## अठारौं अध्याय

जलेशको भाषणले नारदलाई भेटेर हिरण्याक्षले रसातलको बाटो लिए। मार्गमा वराहदेवसँग झुकाविला भयो र प्रभुले पृथ्वीलाई निजशक्ति प्रदान गरेर पानीमा विश्राम गराउँनु भयो। बारंबार आफूलाई वनगोचर आदि शब्दले मर्माहत गर्ने हिरण्याक्ष प्रति नाथ आज्ञा हुन्छ। ठीक हो, हात्तीहरू जङ्गलका सिंह तिमीहरू गाउँले सिंह अर्थात् कुकुर हौ जो मृत्युको पाशोबाट छुटेको छैन, त्यस्ताले आफूलाई वीर भनेर के वकवक गर्नु? ए अभद्र! तिमीले 'कहीं न भाग' जो भन्यो त्यो ठीक हो, तिमी जस्ता बलियासँग वैरता बाँधेर कहाँ भाग्न सक्छु र? वस्छु। संसारमा तिमी यदि सभ्य हौ भने आफ्नो वचन सत्य गराईकन परिवारको आँसु पुछ।

यसपछि क्रोधमा आवेश भएको त्यस दैत्यले लामो श्वास फेर्दै प्रभुका छातीमा गदा प्रहार गऱ्यो किन्तु मानो योगीहरूले मृत्यु छले झैं भगवान्ले छल्नु भयो। अनि परस्पर महान् युद्ध हुँदैछ, यसैवेला ब्रह्माजी सरल भावले प्रभु प्रति विन्ति गर्दछन्– नाथ! यसलाई अरू बालकलाई खेलाए झैं छैन, यो निरङ्कुशले आफ्नो वेला पायो भने कठिन पर्नेछ त्यसकारण यसलाई सन्ध्या अगाडि नै शान्त गर्नुको साथ प्राणीमात्रलाई आनन्द प्रदान गर्नुहोस् भनेर विन्ति गरे भन्ने यस०।

## उन्नाइसौं अध्याय

ब्रह्माजीको भोलाभाला स्तुतिलाई नाथले अपाङ्गद्वारा अनुमोदन गर्नु भयो । यता दैत्यले जब भगवान्‌को गदालाई गिराई दिएथ्यो तब त्यो कौमोदकी घुम्दै अद्भुत शोभा पाएर गिऱ्यो । त्यसवेला अवसर पाएर पनि धर्म युद्धलाई मान दिने त्यो दैत्यले निरायुध हरिलाई आक्रमण गरेन । उता देवमण्डलमा संझनु भयो ।
गरुडले
को थियो
नाथलाई
ले टुक्रा
ाँखद्वारा
मुष्टिले
ष्टि गर्दै
समस्त
मा जब
लागेको
देखेर
ी भन्द-
र्य कुरा
छ भने
यक्तिको
मालुम

॥ प्रथम दिनको पाठ समाप्त भयो । ॥

३६१८
महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

वाल्मीकिविद्यापीठपुस्तकालयः

Acc. No 3614
Class No ... Book No ...
Author गोतम... कवि प्रसाद...
Title अवतरणिका... कुछ ...

| Due on | Borrower's Name | Returned on |
|---|---|---|
| | | |
| | | |
| | | |

## उन्नाइसौं अध्याय

ब्रह्माजीको भोलाभाला स्तुतिलाई नाथले अपाङ्गद्वारा अनुमोदन गर्नु भयो । यता दैत्यले जब भगवान्‌को गदालाई गिराई दिएथ्यो तब त्यो कौमोदकी घुम्दै अद्भुत शोभा पाएर गिऱ्यो । त्यसवेला अवसर पाएर पनि धर्म युद्धलाई मान दिने त्यो दैत्यले निरायुध हरिलाई आक्रमण गरेन । उता देवमण्डलमा संझनु भयो ।
गरुडले
को थियो
नाथलाई
ले टुक्रा
ाँखद्वारा
मुष्टिले
ष्टि गर्दै
समस्त
मा जब
लागेको
देखेर
ी भन्द-
र्य कुरा
छ भने
यक्तिको
माजुम

॥ प्रथम दिनको पाठ समाप्त भयो । ॥

B६१८
महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

# याद राख्नु पर्ने

७ भागमा भागवत अवतरणिका कुञ्ज पूर्ण हुनेछ
पाठमा एक दिनको पाठलाई एक भागका हिसाबले
लाई ७ भाग गराइएको हो। अतः आफूले पाएका भाग
सुरक्षित गरी आउने भागको निति पनि बराबर
आई बुझी चाँडो चाँडो आफ्नो हक गराउनु हो
मात्र छापिएको छ.

दोश्रो भाग चाँहि हामी मार्गको आखिरी स
सक्ने छौं– कारण लेखिकन मुद्रण गराउनु छ।

यो पहिलो भाग छापी प्रकाश गर्ने औं प्रचा
भार श्री पूज्य दाजु कविप्रसाद गौतमले म
भएको छ। भविष्यका ६ भागलाई पनि वहाँको
६ भक्तहरूले भार लिईदिनु भएको छ। हाम्रो प्र
शुभ कार्य चाँडो नै सम्पन्न होस्।

प्रकाशक—
कोमलप्रसाद
गौतम

मुद्रक-जोरगणेश प्रेस, नेपाल।